# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

महिला भनेको लिङ्गको आधारमा छुट्टिने रूप हो । जसमा प्राकृतिक रूपमा शरीरमा आउने परिवर्तनसँगै विभिन्न नाम र ओहदामा सम्वोधन गरिन्छ । जस्तै : बालिका, केटी, छोरी, छात्रा, दिदी, बहिनी, बुहारी, असल गृहिणी, आमा, लेडि, मेडम, आदि । महिला केटीहरूको परिपक्व रूप हो । केटी बालापनको समाप्ती नै महिला हो । (Web site) केटीहरू जब महिनावारी हुन्छन् तव महिलामा परिणत हुन्छन् । बालबालिकाहरूलाई यस धर्तिमा जन्म दिने शक्ति महिला हो ।  कोमल हृदय र मायाका खानी भएका मानव जाति नै महिला हुन जसलाई विना मूल्यको श्रमिकको रूपमा हेरिन्छ । (ऐजन) समाजको शुरूवात देखि नै महिलाहरू राज्य, समाज र परिवारबाट चौतर्फी (आर्थिक, सामाजिक, शारीरिक, मानसिक, नैतिक, राजनैतिक, धार्मिक र सांस्कुतिक) पक्षबाट पीडित हुँदै आएको मानव इतिहासमा पाइन्छ  (आचार्य, २०६७) ।

यसरी मानव सभ्यताको शुरूवातसँगै आदिम साम्यवादको अन्त्य र वर्गको उत्पतिसँगै लैंङ्गिक उत्पीडन पनि शुरूवात भयो । यसरी वर्ग संघर्षसँगै महिलाहरूले पनि हरेक संघर्षहरूमा साहस र दृढताका साथ भाग लिएर महत्वपूर्ण योगदान पुऱ्याए । विभिन्न युग परिवर्तनका लागि महिलाहरूले पुरुषसँगसँगै पिठ्युउँमा नानि बोकेर आफ्नो भूमिका निर्वाह गर्दै आए तर वर्ग विभाजित समाजमा नीजि सम्पतिको उत्पति र राज्य सत्ताको संस्थागत विकाससँगै महिलाहरू दोस्रो दर्जाको नागरिक जीवन जीउन बाध्य पारिएको यथार्थता मानव इतिहासमा पाइन्छ (भुजेल, २०६६) ।

प्रजातन्त्रको पुनर्स्थापनापछि विस्तारै जीवन स्तर माथि उठाउन विभिन्न स्रोत र साधन तथा बाटोको खोजि गर्ने कार्यमा मानिसहरूले चासो लिन शुरू गरे (आचार्य, २०६७) । यतिले मात्र नपुगि समाजमा महिलाहरूले बन्दुक छोए पड्कदैन भन्ने परम्परागत सोचलाई २०५२ सालको माओवादी युद्धमा महिलाहरूले चमत्कारी रूपले युद्धमा लडे, त्यसको परिणम स्वरूप संविधान सभामा ६०१ सभासदमध्ये १९७ जना महिला सभासदहरू थिए । जुन लगभग ३३ प्रतिशत महिलाहरूको गरिमामय उपस्थिति विश्व संसदिय अभ्यासमा एउटा महत्वपूर्ण

उदाहरणीय उपस्थिति हो । यो सबैको लागि गौरवको विषय पनि हो (राई, २०६७) । लोकतान्त्रिक सामाजिक आन्दोलन र महिला आन्दोलनको रूपमा यसलाई लिन सकिन्छ । हाल नेपालमा ३३% आरक्षणको कानूनी व्यवस्था गरिएको छ । तर यतिनै प्राप्तीले महिलाहरू चुप लागेर बस्ने अवस्था भने छैन (नेपालको अन्तरीम संविधान-२०६३) ।

शिक्षा मानव जीवनको अपरीहार्य आवश्यकता हो । शिक्षा व्यक्ति, समाज तथा राष्ट्रको आवश्यकता परिपुर्ती गर्ने साधन तथा विकासको पथ प्रदर्शक पनि हो । शिक्षा देश विकासको आधारशिला अथवा मेरूदण्ड हो । जब नयाँ विधि र तरिकाबाट शिक्षण गराइन्छ, नयाँ-नयाँ तथ्यहरू पत्ता लगाइन्छ, विद्यार्थीहरू नयाँ-नयाँ ज्ञान सिक्न तर्फ प्रेरित हुन्छन् तबमात्र शिक्षा क्षेत्र प्रभावकारी र गुणस्तरिय हुन जान्छ (महतरा र भट्ट, २०६५) ।

सृष्टिकी जननी, समाजकी पहिली नेतृ संघर्षकी सेनानी, ममताकी खानी, आदि अनेक शब्दावलीको मान्यता रहे पनि नारीलाई खुशि राख्नु भन्दा डर, त्रास र नियन्त्रणमा राख्नुपर्दछ भन्ने सोच व्यापक छ । हरेक वर्ष मनाइने नारी दिवसमा लगाइने नारा र गरिने भाषण समेतको सार्थकता व्यवहारमा शुन्य हुने गरेको छ । इतिहासको लामो कालखण्डमा महिलाको यो पहिचान, स्थान र भूमिका व्यवहारिक रूपमा ओझेलमा पारियो । सत्ताको हजारौं वर्ष लामो कालखण्डमा नेतृत्वदायी भूमिकामा रहेका महिलाहरू त्यस युगको अन्त्यसँगै घरभित्र खुम्चिन वाध्य भए । फलस्वरूप राज्यका विभिन्न अवसर, निकाय र क्षेत्रमा नारी सहभागिता अत्यन्त न्यून छ । महिला र पुरुष भनेको एउटा मानिसको दुईवटा हात जस्तो हो, जसलाई थपडी बजाउन दुइवटै हातको आवश्यकता पर्दछ । कुनैपनि औला मात्र घाइते हुदा सिङ्गो शरिरलाई पिडा हुन्छ । अर्धाङ्गिनी भन्ने गरिएको महिलाहरू कति शोषित र पीडित छन् यो अनुभूति पुरुषहरूले पनि गर्न आवश्यक छ । महिलामाथि भएको पीडा महिला र पुरुष दुवैले महशुस गर्नुपर्दछ । अन्य देशका महिलाहरूले कति आँटिला काम गरे, पार्टी हाँके, देश चलाए, अन्तरिक्षमा पुगे, विश्व साम्रज्यवादलाई नेतृत्व दिनमात्र नभइ चुनौती दिन समेत सफल भए । तर हाम्रो देशमा भने परम्परागत सोच र त्यसैबाट सृजित सवै पक्षपाति ऐन कानूनका कारण सानोमा बाबुको अधिनमा, विवाहपछि श्रीमानको अधिनमा र बुढेसकालमा छोराको अधिनमा रहनुपर्दछ । यसरी महिलाहरू आ-आफ्नो ठाउँबाट आवाज उठाउनु पर्दछ । नेपालीमा उखान छ “खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ” । त्यसैले नेपाली महिलाहरूले आजैबाट मौनताको संस्कृति अन्त्य गर्दै

आफुमाथि भएको शोषण र अन्यायका विरूद्धमा जहाँ-जहाँ भएपनि उहीबाट जे जसरी सकिन्छ मुख खोल्नुपर्दछ । समाज बदल्ने अदम्य उत्साह, अनुपम उमंग,जोस र जागरका साथ महिलाहरू स्वयम् अगाडि नबढेसम्म महिलाहरूको स्वतन्त्रतामा अपेक्षित परिणाम हासिल नहुने यथार्थ बोध हरेक तह र तप्काका नारी स्वयम्ले मनन गर्दै समय अनुसार संवेदनशील भएर अगाडि बढ्नुपर्दछ । सरकारले पनि लैङ्गिक विभेद अन्त्यका लागि अर्थपूर्ण कदम चाल्नुपर्दछ । संवैधानिक र कानुनी दृष्टिले जे जति अधिकार प्राप्त छन् ती मूलतः औपचारिकतामा मात्र सीमित छन् । त्यसैले त्यसको दह्रो कार्यान्वयन पनि उत्तिकै आवश्यक छ (थापा, २०६९) ।

महिला शिक्षक हुनको लागि सर्वप्रथम पेशागत विकास हुनुपर्दछ । पेशागत अवस्था पत्ता लगाउन उनीहरूको शैक्षिक अवस्था, दरवन्दि, स्थायी, अस्थायी, राहत र नीजिस्रोत (सेवाको अवस्था) शिक्षण अनुभव, तालिमको अवस्था, प्रतिहप्ता कार्यभार, वैवाहिक/पारिवारिक अवस्था, घरपायक अपायक अवस्था, जातिगत अवस्था र उमेरगत अवस्थाले महत्वपूर्ण भुमिका खेल्दछ (आचार्य, २०६७) । त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रत्याभूत गरेको छ (पोखरेल, २०६९) ।

शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानूनी, संस्थागत, कार्यक्रमगत र मानविय विकासका प्रयासहरूले शिक्षा क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको छ । तीनवर्षे अन्तरिम योजनामा ६ वर्षमाथि र १५ वर्षमाथि उमेर समूहको साक्षरता दर क्रमश-७६ र ६६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा उक्त दर क्रमश- ६३.७ र ५५.६ पुगेको छ । पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेतको सहजै देखिने भर्ना दर ५१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६६.२ प्रतिशत पुगेको छ । कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको औसत दर करिव ४९.९ प्रतिशत पुगेको छ । प्राथमिक (१-५) मा सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १०४ र ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा क्रमशः १४१.४ र ९३.७ प्रतिशत पुगेको छ । निम्न माध्यमिक तह (६-८) मा खुद भर्नादर ६३.२ प्रतिशत पुगेको छ । आधारभूत तह (१-८) मा लैङ्गिक अनुपात लगभग समदरमा पुगेको छ । खुद भर्नादर आधारभूत तहमा ८३.२ प्रतिशत र माध्यमिक तह (९-१०) मा २३.९ प्रतिशत पुगेको छ । माध्यमिक तह (कक्षा ९-१०) को सहजै देखिने भर्नादर ६०

प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६५.७ पुगेको छ भने खुद भर्नादर ४०.८ पुगेको छ। उच्च शिक्षामा सहजै देखिने भर्नादर ७.५ प्रतिशत पुगेको छ । यसै गरि प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँच बडेको छ र मध्यमस्तरीय जनशक्ति उत्पादनमा सकारात्मक प्रभाव पर्न गएको छ (ऐजन)। त्यस्तै (जनगणना २०६८) अनुसार पुरुषको साक्षरता बढेर ७५.३८ प्रतिशत र महिलाको साक्षरता प्रतिशत ५७.१ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०६२ को विद्यालय तथ्याङ्क अनुसार प्राथमिक तहमा खुद भर्नादर ८६.८ प्रतिशत मध्ये छात्राहरूको खुद भर्नादर ८३.४० प्रतिशत छ भने छात्रहरूको खुद भर्नादर ९०.१ प्रतिशत देखिन्छ । अझ पनि प्राथमिक विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका १३.२ प्रतिशत बालबालिकाहरू मध्ये १७ प्रतिशत बालिकाहरू रहेका छन् (राइ,२०६७ ) ।

वर्तमान अवस्थामा अपेक्षित रूपमा बालिका शिक्षाको अवस्था सन्तोषजनक नभएकाले बालक तथा बालिकाबीच ठुलो विभेद देखिएको छ । जस्तै छोरी अर्काको घरमा जाने जातको रूपमा लिइनु, उनीहरूलाई आर्थिक भार मानिनु, उनीहरूप्रतिको लगानिको प्रतिफलको अपेक्षा नहुनु, आमाबाबुको बुढेसकालको सहारा नहुनु जस्ता छोरी प्रतिको नकारात्मक धारणा हाम्रो समाजमा विद्यमान रहेकाले छोरीलाई शिक्षाबाट वञ्चित राख्ने कार्य स्वयम् आमाबाबुबाट नै भएको पाइन्छ (शिक्षा विभाग, २०६८) । यी सबै पक्षको कारक तत्व भनेको पितृसतात्मक सोच,चिन्तन र मुल्यलाई नै बढवा दिएको पाइन्छ । जसको परिणाम स्वरूप शिक्षा, स्वास्थ्य, आर्थिक क्रियाकलाप जस्ता कुराहरूमा पुरुषको तुलनामा महिलाहरू घरभित्रको चौघेरामा मात्र सिमित छन्। नगण्य रूपमा मात्र महिलाहरू शिक्षा क्षेत्रमा सहभागि भएका छन् (श्रेष्ठ, २०६१/०६२) । विभिन्न अध्ययनहरूले के देखाईरहेका छन् भने विद्यालयमा महिला शिक्षकहरूको नियुक्तिले विद्यालयमा छात्रा सहभागितामा वृद्धि गराउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । यसले छात्रा तथा अभिभावकहरूको लागि एउटा अनुपम नमूनाको भूमिका निर्वाह गरेको छ। विद्यालय शिक्षा र छात्रा सहभागिता बीच महिला शिक्षकहरूले पुलको काम गर्दछन् (बराल, २०६६)।

छोरीलाई विद्यालयमा पठाउन एकातिर भौगोलिक विविधताले कठीन र अर्कोतर्फ सामाजिक रूढीवादी संस्कार र मान्यताले गर्दा विद्यालयमा पुरुष शिक्षक मात्र भएकाले सुरक्षाको अभावको कारणले गर्दापनि छोरीलाई विद्यालयमा पठाउन नसकिएको अवस्था छ। भनिन्छ-

"महिलाहरू ममता र मायाको खानी हुन् ।"बालबालिकाहरूको स्याहार सुसार गर्न र माया ममता दिन पुरुषको तुलनामा महिलाहरू बढी अग्रसर हुन्छन् (रेग्मी, २०६६) । साच्चै समाजमा एउटा पुरुष शिक्षित हुँदा उ आफुमात्र शिक्षित हुन्छ भने एक जना महिला शिक्षित हुँदा सिँगो परिवार शिक्षित हुन्छ (नेपाल,२०६७) । महिला शिक्षकहरू शिक्षण सिकाई क्रियाकलापमा पनि बढी सक्रिय हुन्छन् र आफ्नो कर्तव्य प्रति बढी जिम्मेवार हुन्छन् । बालबालिकाहरूको लागि गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदान गर्न पनि महिलाहरूले महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । "सवैका लागि शिक्षा" अन्तरगतको कार्यक्रमले प्रत्येक विद्यालयमा कम्तीमा एक जना महिला शिक्षक अनिवार्य नियुक्ती गर्नुपर्ने नीतिलाई जोड दिइयो (शिक्षा विभाग, २०६३) । नेपालमा सन् १९८९ सम्ममा विद्यालय तहमा महिला शिक्षकहरू १३% पुऱ्याउने लक्ष्य राखिएको थियो । सन् २००१ मा ३०% र सन् २०१५ मा ५०% पुऱ्याउने लक्ष्य राखिएको छ (राई, २०६७) ।

विद्यालय तहमा छात्राहरूको अवस्था सुधारमा लैङ्गिक विभेदको अन्त्यले महत्वपूर्ण भूमिका खेल्दछ । यसै शिलशिलामा शिक्षामा लैङ्गिक विभेद कम गर्न नेपाल सरकारले विद्यालय तहमा महिला शिक्षकहरू नियुक्ती गर्ने निति अपनाएको छ । महिला शिक्षकहरूको उपस्थितिले बालबालिकाहरूलाई प्राथमिक तह पुरा नगरून्जेल सम्म विद्यालय पढ्न पठाउने कुरा प्रति अभिभावकहरू आकर्षित हुन्छन् भन्ने धारणा केही निति निर्माणकर्ता र योजनाविद्हरूको छ (आचार्य, २०६७) । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) को अनुसार महिला साक्षरता दर ३.९% थियो । युनिसेफको सहयोगमा सन १९७१ सालमा महिला शिक्षा परियोजना शुरू भयो । त्यसैले महिला शिक्षाको उद्धेश्य "शिक्षामा महिलाको समान पहँच" राखेको थियो । यसले महिला शिक्षाको प्रचार-प्रसार महिला शिक्षा प्रशिक्षण कार्यक्रम, महिलालाई शिक्षण पेशाको लागि प्रोत्साहन, शैक्षिक स्तर वृद्धि कार्यक्रम, कक्षा ८ उत्तीर्ण छात्राहरूलाई फिडर छात्रावासमा राखि माध्यमिक शिक्षा प्रदान गर्ने र विद्यालय छात्रावृत्तिको साथै आंशिक अनौपचारिक शिक्षाको समेत व्यवस्था गरेको छ । सन् १९८३ पछि उक्त कार्यक्रमलाई नेपालमा महिला र वालिकाहरूको लागि शिक्षा (EGWN) को नामले पुनः नामकरण गरिएको थियो त्यसैगरि सन् १९८९ मा यस कार्यक्रमद्वारा २५०० महिलाहरूलाई प्राथमिक शिक्षा तालिम प्रदान गरिएको थियो (शिक्षा विभाग, २०६३) ।

त्यसैगरि सन् १९७५ मा पाचौं पञ्चवर्षिय योजनाको रूपमा सरकारले दुर्गम क्षेत्रका विद्यालयहरूमा छात्राहरूको संख्या वृद्धि गर्ने उद्वेश्यका साथ विद्यालयीय छात्रा वृद्धि कार्यक्रम सञ्चालन गऱ्यो सन् १९९३ मा सरकारले विद्यालयमा महिला शिक्षकहरू वृद्धि गर्ने आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) को पहिलो चरणको कार्यक्रम राष्ट्रव्यपि रूपमा सञ्चालन गऱ्यो उक्त कार्यक्रम अनुसार सन् १९९८ सम्ममा नेपाल सरकारले सो कार्यक्रमको लक्ष्य अनुरूप ४२०० महिला शिक्षकहरू विद्यालय तहमा नियुक्ति गर्न सक्षम भयो । प्रजातन्त्रको पुनःस्थापना पश्चात नेपालले पनि सन् १९९० मा थाईल्याण्डको जोम्टेनमा भएको "सबैको लागि शिक्षा" विषयक विश्व सम्मेलनको घोषणा पत्रअनुसार केहि नयाँ कार्य गऱ्यो जसको उद्वेश्य आधारभूत प्राथमिक शिक्षामा वृद्धि गर्ने थियो । सन् १९९२ मा तत्कालिन श्री ५ को सरकारले देशमा भएको राजनैतिक परिवर्तन अनुसार उपयूक्त शैक्षिक नीति तथा कार्यक्रमहरू तय गर्न राष्ट्रिय शिक्षा आयोग (NEC) को गठन गऱ्यो । उक्त आयोगले प्राथमिक कक्षाहरूमा कम्तिमा पनि १ जना महिला शिक्षक नियूक्ति गर्ने प्रावधान निर्माण गर्नुपर्ने सुझाव गऱ्यो जसको फलस्वरूप प्रत्येक विद्यालयमा न्यूनतम १ जना महिला शिक्षक नियूक्ति गर्नुपर्ने कुरा शिक्षा नियमावली सन् १९९२ मा समावेश गरियो (रा.शि.आ.प्र.) ।

आठौ पञ्चवर्षिय योजना (१९९२-९७) ले पनि राष्ट्रिय शिक्षा आयोग र आधारभूत तथा प्राथमिक शिक्षाको उच्चस्तरीय योजनाद्वारा तय गरिएको नीति तथा संयन्त्रलाई ग्रहण गरेको थियो । उक्त योजनाको लक्ष्य ६-१० वर्ष उमेर समूहका बालबालिकाहरूको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउनु थियो भने अर्कातिर उक्त पञ्चवर्षिय योजनाले महिला शिक्षकको लागि भने कुनै ठोस कार्यक्रम ल्याएको नभए पनि पाँचवर्ष भित्रमा ५१०० जना महिला शिक्षकहरू विद्यालयभित्र ल्याउने योजना बनाएको थियो । उक्त योजनाको अन्त्यतिर ४१५० महिला शिक्षकहरू नियूक्ति गरियो । (महिला अधिकार, २०६७) नवौ पञ्चवर्षिय योजना (१९९७-२००२) ले आधारभूत तथा प्राथमिक शिक्षामा दुर्गम क्षेत्रमा महिला, दलित, शोषितपीडित र शिक्षको पहुँचबाट वञ्चित भएका बालबालिकाहरूलाई शिक्षामा समान सहभागितामा वृद्धि गराउने कुरामा जोड दिइयो । यसै योजनाले नयाँ १५००० - पन्ध्र हजार) शिक्षकहरूलाई नियूक्ति प्रदान गर्ने लक्ष्य राखेको थियो । जसमा २०० महिला शिक्षकहरू थिए । यसै योजनाको रूपमा (BPEP–11) फेज लागु भएको थियो । जसको उद्देश्य आधारभूत तथा

प्राथमिक शिक्षाको गुणस्तर तथा पहुँच सुधार गर्नु थियो । उक्त योजनाले प्रत्येक विद्यालयमा १ जना महिला शिक्षक नियूक्ति गर्ने कार्यक्रम लागु गऱ्यो (शिक्षा विभाग, २०६३) ।

दशौं पञ्चवर्षिय योजना (२००२-२००७) ले व्यक्तिलाई लिंग, जातजाति, भाषाभाषी, धर्मका आधारमा भेदभाव नगरी सबैलाई गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सम्म पुऱ्याउने नीति अवलम्वन गरेको थियो । यस योजनाको लक्ष्य प्राथमिक तहमा ३० प्रतिशत महिला शिक्षकहरू पुऱ्याउनु रहेको थियो । सबैका लागि राष्ट्रिय कार्य योजना नेपालले (२००१-२०१५) सन् २०१५ सम्म सबै बालबालिकाहरू विशेष गरि कठिन परिस्थितिमा बालबालिकाहरू एवम् अल्पसंख्याक जातजातिभित्र पर्ने बालबालिकाहरूको लागि निःशुल्क एवं अनिवार्य प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैंङ्गिक असमानता हटाइ गुणस्तरीय आधारभूत शिक्षाको उच्च उपलब्धि प्रति बालबालिकाहरूको पूर्ण समान पहुँच सुनिश्चित गर्ने तर्फ ध्यान केन्द्रित गरि शिक्षामा लैंगिक समानता हांसिल गर्ने उल्लेख गरिएको छ (शिक्षा विभाग, २०६३) ।

त्रिवर्षिय अन्तरिम आयोजना (२०६४-२०६७) अन्तर्गत विद्यालयमा बालमैत्रिक वातावरण सृजना हुने व्यवहार गर्ने, छात्रा भर्ना प्रतिशत प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ५०,५०४८ पुऱ्याउने शिक्षामा महिला,दलित, आदिवासी, जनजाति,मधेशी युवा तथा गरिव वर्गको पहुँच बढाउन विद्यार्थी भर्नाका आधारमा छात्रवृति र अरू सहुलियत दिनेकुरा उल्लेख गऱ्यो र यस्ता सुविधाको अतिरिक्त उच्च शिक्षामा नै शैक्षिक ऋणको समेत व्यवस्था गर्ने कार्यनीति उल्लेख गरिएको छ । हाल नेपालमा सबै प्रकारका सामुदायिक विद्यालयहरूमा प्रा.वि. र नि.मा.वि. तहमा जम्मा १,४४,४०७ जना शिक्षकहरू मध्ये ४५,०१६ जना महिला र ९९,३९१ जना पुरुष शिक्षकहरू कार्यरत छन् । प्राथमिक (१-५) तहमा जम्मा ४०,१८८ जना महिला शिक्षकहरू कार्यरत छन् भने नि.मा.वि. (६-८) तहमा ४,८२८ जना महिला शिक्षकहरू कार्यरत छन् । सामुदायिक विद्यालयका सबै शिक्षक मध्ये महिला शिक्षकहरूले ३४.५ प्रतिशत प्रा.वि. तहमा र १७.३ प्रतिशत नि.मा.वि. तहमा हिस्सा ओगटेको पाइन्छ । त्यस्तै सबै प्रकारका माध्यमिक, उ.मा.वि. सामुदायिक विद्यालयमा जम्मा २८,९७० शिक्षकहरू मध्ये महिला शिक्षकहरू मा.वि.(९-१०) तहमा १,९०७ जना र पुरुष शिक्षक १६,२७९ जना र उच्च मा.वि. (११-१२) तहमा महिला शिक्षकहरू ३४६ जना र पुरुष शिक्षक १०,४३८ जना कार्यरत छन् (आचार्य,२०६७) । यसरी महिला शिक्षकहरूले जम्मा

१०.५ प्रतिशत मध्ये ३.२ प्रतिशत मा.वि. तहमा र ७.८ प्रतिशत उ.मा.वि. तहमा स्थान ओगटेको पाइन्छ । २०६६ सालको विद्यालय शिक्षामा प्रा.वि.तहमा कुल विद्यार्थी भर्ना ४९,००६६३ मध्ये छात्रा २४,५३,९३५ र छात्र २४,४६,७२८ र नि.मा.वि. तहमा कुल भर्ना १,६०,४४,४२२ मध्ये छात्रा ७,८६,१५९ र छात्र ८,१८,०६३ छन् । यसरी छात्रा भर्ना प्रतिशत प्रा.वि. (१-५) तहमा ५०.१ प्रतिशत,नि.मा.वि. (६-८) तहमा ४९ प्रतिशत ,मा.वि. (९-१०) तहमा ७,९०,३४८ मध्ये छात्रा ३,७९,८२६ र छात्र ४,१०,५२२ र उ.मा.वि. (११-१२) तहमा कुल भर्नादर २,८०,४४७ मध्ये छात्रा १,४३,७९३ र छात्र १,३६,६५४ जना देखिन्छ । यसरी छात्रा भर्ना प्रतिशत मा.वि. तहमा ४८.१ प्रतिशत र उ.मा.वि. तहमा ५१.३ प्रतिशत छ । जम्मा कुल भर्ना विद्यार्थी ६५,७५,८८० जना विद्यार्थीहरू मध्ये सबै तहमा ४९.७ प्रतिशत छात्रा विद्यार्थी नै छन् (शिक्षा विभाग, २०६६) ।

चौतारा गा.वि.स. को सामुदायिक विद्यालयको कुल शिक्षक संख्या ८५ जनामा जनजाति तर्फ कुल शिक्षक संख्या ५९ जनामा पुरुष शिक्षक २२ जना छन् भने महिला शिक्षक ३७ जना रहेका छन् । दलित तर्फ कुल शिक्षक संख्या १ जनामा महिला १ जना रहेकी छिन् । त्यस्तै अन्य तर्फ कुल शिक्षक संख्या २५ जनामा पुरुष शिक्षक २० जना छन् भने महिला शिक्षक ५ जना रहेका छन् । यसकारण कुल शिक्षक संख्या ८५ जनामा पुरुष शिक्षक ४२ जना छन् भने महिला शिक्षक ४३ जना रहेका छन् ।

त्यस्तै निजि विद्यालयको कुल शिक्षक संख्या ३९ जनामा जनजाति तर्फ कुल शिक्षक संख्या २१ जनामा पुरुष शिक्षक १० जना छन् भने महिला शिक्षक ११ जना रहेका छन् । दलित तर्फ कुल शिक्षक संख्या १ जनामा महिला शिक्षक १ जना रहेकी छिन् । अन्य तर्फ कुल शिक्षक संख्या १७ जनामा पुरुष शिक्षक ९ जना छन् भने महिला शिक्षक ८ जना रहेका छन् । जम्मा महिला शिक्षक २० जना छन् भने पुरुष शिक्षक १९ जना रहेका छन् हेर्नुहोस् परिशिष्ट-८ ।

## १.२ समस्याको कथन

नेपालको कुल जनसंख्याको झण्डै ५१% महिलाहरूलाई जुनसुकै अधिकारबाट वञ्चित गरिएको पाईन्छ । समाजमा महिलाहरू दोस्रो दर्जाको नागरिक हुन बाध्य भएका छन् । कुल जनसंख्याको ५७.१% मात्र महिलाहरू साक्षर छन् (भुजेल, २०६६) । शिक्षण सिकाई भनेको

शिक्षक र सिकारू बीचको एक औपचारिक तथा अनौपचारिक सक्रिय प्रक्रिया हो । साच्चै शिक्षक जन्मन्छ वनाईदैन भन्ने चर्चित अभिव्यक्ति छ । शिक्षकले जहिले पनि बालबालिकाहरूको मनोविज्ञान बुझि बाल सुलभ र बालमैत्री वातावरण सिर्जना गरि सिक्ने तत्परता जागृत गराउनु र सिक्नका लागि सहजता प्रदान गर्नु शिक्षकको दायित्व हो (श्रेष्ठ, २०६८) ।

अझ महिला शिक्षकहरू त माया र ममताका खानी हुन भनिन्छ । जुन विद्यालयमा महिला शिक्षकहरू छन् त्यस विद्यालयमा छात्रा सहभागितामा वृद्धि हुन्छ । शिक्षण पेशा भनेको दक्ष जनशक्ति उत्पादन गर्ने, उच्च मानविय संसाधन निर्माण गर्ने, मर्यादित र महत्वपूर्ण पेशा हो ।

शिक्षक जहिले पनि व्यक्तिगत , सामाजिक र शैक्षिक ( धैर्यवान, चेतनशिल, स्ववलम्वी, नयाँकुरा निरन्तर सिक्न उत्सुक, सामाजिक सेवा भाव भएको, विषयवस्तुमा पोख्त) गुण भएको हुनु पर्दछ । यस्ता गुणले भरिपूर्ण व्यक्ति नै आधिकारीक रूपमा शिक्षक हुनपाउछ । शिक्षकको पेशागत दक्षता विकास भनेको गोष्ठीमा भाग लिनु, पेशागत छलफल वा वैठकमा भागलिनु प्रशिक्षित हुन, पेशासँग सम्बन्धित पाठ्यसामग्री अध्ययन गर्नु र श्रव्य-दृष्य सामग्री अवलोकन गर्नु हो । नयाँ कुरा सिक्न खोज्ने शिक्षकले नै नयाँ कुरा सिकाउन समर्थ हुन्छ । त्यसैले शिक्षक आफै सिकारू हुनुपर्दछ भन्ने मान्यता रहेको छ (श्रेष्ठ, २०६८) ।

माथिका गुणयुक्त शिक्षक नै देश विकास र निर्माणका लागि मार्ग दर्शक वन्न सक्छ । यसरी शिक्षण पेशा सम्मानित र मर्यादित हुदाहुँदै पनि यसलाई अन्य पेशा वा जागिरको तुलनामा नराम्रो दृष्टिकोणले हेर्ने चलन हाम्रो समाजमा विद्यमान छ ।

कुनैपनि जागिर नपाएर आउने पेशा शिक्षण हो । भन्ने धारणा पनि समाजमा व्याप्त छ, त्यसैले महिला शिक्षकहरूले यो पेशा अपनाउदा उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण, स्वयंमा आइपर्ने लैङ्गिक एवं सामाजिक चुनौतीको शिक्षण पेशाप्रति महिला शिक्षकहरूलाई नराम्रो दृष्टिले हेर्ने गरिन्छ । महिला शिक्षकहरूको पेशा प्रतिको सकारात्मक दृष्टिकोणको विकास नहुनु, शिक्षण पेशाको चुनौतीहरूको सामाना गर्दै पेशालाई सहज रूपमा संचालन गर्न कठीनाई परेको र पेशा प्रति पूर्ण रूपमा समर्पित हुन नसकेको अवस्था छ (नेपाल, २०६७) ।

- शिक्षण पेशा प्रति महिला शिक्षकको दृष्टिकोण सकारात्मक छ/छैन?
- महिलाहरू सामाजिक, पारिवारीक, जातका आधारमा, उमेर, स्थायी, अस्थायी, योग्यता आदिको आधारमा शिक्षण पेशा अपनाउन सक्षम छन्, छैनन् ?
- महिलाहरूको शिक्षण पेशा प्रतिको सामाजिक दृष्टिकोण सकारात्मक छ, छैन?
- महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउँदा आइपरेका समस्याहरूका लागि प्रदान गरिने सुझावहरूले उनीहरूको शिक्षण पेशा प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन आउछ, आउदैन?

महिला शिक्षकहरूको पेशागत समस्याको सन्दर्भमा माथि उल्लेखित समस्याहरू भएकोले यस अध्ययनको समस्या कथनको रूपमा महिला शिक्षकहरूको पेशागत समस्यालाई लिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन र अनुसन्धानको आ-आफ्नै महत्व रहेको हुन्छ । त्यसकारण म के कार्य गर्दैछु र त्यस कार्यले कुन-कुन पक्षलाई र क-कसलाई कस्तो फाइदा पुग्छ भनेर स्पष्ट हुनु जरूरी हुन्छ जसले गर्दा गर्न लागेको कार्यक्रम सफल र प्रभावकारी हुन जान्छ । सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा गाउँ विकास समितिमा शिक्षण पेशामा आवद्ध महिला शिक्षकहरूको शिक्षण पेशाप्रतिको दृष्टिकोण, महिलाहरूले शिक्षणपेशा अपनाउँदा आइपर्ने पारिवारिक, सामाजिक एवं लैङ्गिक चुनौतिहरू र उनीहरूप्रति विद्यालयमा सरोकार राख्ने सरोकारवालाहरूको धारणा पत्ता लगाउने र महिला शिक्षकहरूको शिक्षण पेशामा आइपरेका समस्याहरू पत्ता लगाउने रूचि भएकोले मैले यो अनुसन्धान गरिएको हो ।

यस अध्ययनको औचित्यलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

- यस अध्ययनले सामुदायिक विद्यालयमा महिला शिक्षकहरूको अवस्था, तिनका समस्याका बारेमा र महिला शिक्षकहरूप्रतिको धारणाका बारेमा जनचतना बृद्धि गर्न उपयोगी हुनेछ ।
- यस अध्ययनले परिवारका सदस्य, पुरुष शिक्षक र प्रधानाध्यापकले महिला शिक्षकसँग कस्तो व्यवहार गर्ने र उनीहरूको पेशामा कसरी सहयोग पुऱ्याउने भन्ने सम्बन्धमा उपयोगी हुनेछ ।

- यस अध्ययनले विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, निरिक्षक, पाठ्यक्रम निर्माता र यस विषयसँग प्रत्यक्ष वा परोक्षरूपमा चासो राख्ने सम्पूर्ण पक्षलाई समेत ठोस सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले सिन्धुपाल्चोक जिल्ला स्थित सामुदाहिक विद्यालयका महिला शिक्षकहरूको अवस्थाबारेमा प्रयाप्त सूचनाका कमिका कारणले महिला शिक्षकहरूको स्थिति ओझेलमा परिराखेको यस परिस्थितिमा सामुदायिक विद्यालयका महिला शिक्षकहरूको पेशागत अवस्था, उनीहरूलाई शिक्षण पेशामा आइपरेका समस्याहरूका बारेमा र महिला शिक्षकहरूप्रतिको धारणा बारेमा जनचेतमा बृद्धि गर्न यो अध्ययन उपयोगी हुनेछ ।
- यस अध्ययन अनुसन्धानमा महिला शिक्षकहरूको पेशागत अवस्था, विविध समस्याहरू समेटिनुका साथै सामुदायिक विद्यालयमा महिला शिक्षकहरूको योग्यता र क्षमता बृद्धि गर्न प्रोत्साहन गर्दै पेशागत समस्या समाधान गर्न आवश्यक पर्ने महत्वपूर्ण सुझाव समेत प्रस्तुत गर्नेछ । त्यसैले यस अध्ययनले सामुदायिक विद्यालयहरूमा महिला शिक्षकहरूको अवस्था सुधार गर्न चाहनेहरूका लागि पनि सदैव मार्गदर्शनका रूपमा सहयोग पु-याउन मद्धत गर्दछ ।
- यस अध्ययनले भविश्यमा सामुदायिक विद्यालयमा महिला शिक्षकहरूको अवस्थाका बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताका लागि आधार प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

- सामुदायिक विद्यालयका महिला शिक्षकहरूको पेशागत अवस्था पत्ता लगाउनु ,
- महिला शिक्षकहरू प्रति सरोकारवालाहरूको धारणा पत्ता लगाउनु, (प्र.अ., वि.व्य.स. महिला प्रतिनिधी, अभिभावक, र विद्यार्थी)
- महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउदा आईपरेका समस्याहरू पहिचान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनले निम्न लिखित प्रश्नहरूको उत्तर दिन खोजेको छ ।

- महिला शिक्षकहरूको शैक्षिक योग्यता कति छ ?
- महिला शिक्षकहरूको सेवाको अवस्था के छ ?
- महिला शिक्षकहरूको शिक्षण अनुभव कति छ ?

- महिला शिक्षकहरू तालिम प्राप्त छन् की छैनन् ?
- महिला शिक्षकहरू प्रति प्र.अ. र वि.व्य.स. महिला प्रतिनिधिहरूको धारणा के छ ?
- अभिभावक र विद्यार्थीको धारणा के छ ?
- महिला शिक्षकहरूको शिक्षण सिकाइ सम्बन्धि के कस्ता समस्यहरू छन् ?
- महिला शिक्षकहरूलाई शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कस्ता समस्याहरू पर्दछन् ?
- पूर्व तयारी गर्दा के कस्ता समस्या उत्पन्न हुन्छन् ?
- यस अध्ययनलाई किन चौतारा गाउ विकास समिति नै छनोट गरेको ?
- महिला शिक्षकले शिक्षण पेशालाई सुधार गर्न के गर्नुपर्दछ ?

## १.६ अध्ययनको परिसिमा

कुनैपनि अध्ययन र अनुसन्धान गर्दा निश्चित ठाउँ, सिमित जनसंख्या, छनौट विधि, तथ्याङ्क सङ्कलनका स्रोत र साधनहरूको  निश्चित गर्नुपर्ने हुन्छ । जसले गर्दा कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सजिलो र सहज हुन्छ भन्ने मान्यताको आधारमा यस अध्ययनलाई सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा श्रोतकेन्द्रका २६ वटा विद्यालयहरू मध्य चौतारा गा.वि.स.का सामुदायिक र संस्थागत गरि जम्मा ९ वटा विद्यालय मध्ये सामुदायिकतर्फ ३ वटा विद्यालयमा अध्यापनरत २/२ जना गरी जम्मा ६ जना महिला शिक्षकहरू, ति ३ ओटा विद्यालयका ३ जना प्र.अ. हरू ३ जना वि.व्य.स. महिला प्रतिनिधि, प्रत्येक विद्यालयबाट ३/३ जनाका दरले ९ जना अभिभावक र ४/४ जनाका दरले ६ जना केटा ६ जना केटी गरी जम्मा १२ जना विद्यार्थीहरूमा सिमित गरिएको छ । यस अध्ययनमा जनसंख्याको छनौट चिठा पद्धतीद्वारा र तथ्याङ्क सङ्कलनका साधनहरूमा अर्न्तवार्ता प्रश्नावली, प्र.अ., वि.व्य.स. महिला प्रतिनिधि, अभिभाव र विद्यार्थी (सरोकारवालाहरू) र विद्यालय सर्वेक्षण फारम जस्ता साधनहरूको प्रयोग गरियो । महिला शिक्षकहरूको पेशागत अवस्था, महिला शिक्षकहरूप्रति सरोकारवालाहरू, (प्र.अ., वि.व्य.स. महिला प्रतिनिधि अभिभावक र विद्यार्थीहरू) को धारणा महिला शिक्षकहरूका पेशागत समस्याहरूमा सिमित गरिएको छ ।

# परिच्छेद-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

कुनै पनि वस्तु, घटना, विषय वा कार्यको अध्ययन र अनुसन्धान गर्दा त्यससँग सम्बन्धित कुनै पनि ठाउँमा त्यसभन्दा अगाडि के-कस्ता कार्यहरू क-कसले गरेका रहेछन् र अब के गर्न बाँकी छ वा आवश्यक छ भनेर विस्तृत जानकारी प्राप्त गर्नुपर्ने हुन्छ र आफुले गरेको अध्ययन ठीक छ की छैन भनेर तुलना गर्नको लागि पनि पूर्वसाहित्यको अध्ययन गर्नुपर्ने हुन्छ ।

अनुसन्धान कार्यमा अनुसन्धानको विषयवस्तु र अनुसन्धान समस्याको निर्माण गर्ने कार्यमा नै साहित्यको पुनरावलोकन गर्ने कार्य प्रारम्भ हुन्छ । अनुसन्धानकर्ताले नयाँ-नयाँ तथ्य, ज्ञान र सिद्धान्त प्रतिपादन गर्नुपर्ने भएकोले उसले छनौट गरेको क्षेत्र र समस्यामा रहेर पहिल्यै कसैले अध्ययन गरे वा नगरेको निर्क्यौल गर्न पनि सम्बन्धित साहित्यको पुनरावलोकन आवश्यक हुन्छ ।

## २.१ पूर्वसाहित्यको अध्ययन

पहिले पहिलेका कार्यपत्रहरू, लेख रचना, अनुसन्धान प्रतिवेदनहरूको अध्ययन गरेर गरिने पूर्व साहित्यको अध्ययनले अनुसन्धान कार्यका लागि सम्बन्धीत अवधारणाहरू निर्माण गर्न र नयाँ अध्ययनका लागि आवश्यक थप कुराहरू खोजी गरी सही बाटो पहिल्याउन सक्ने छ । यहाँ सम्बन्धीत साहित्य अध्ययनको प्रमुख उद्देश्य भनेको महिला शिक्षकसँग सम्बन्धीत लेख रचना र अभिलेखहरूको अध्ययन गरि यस अनुसन्धानका लागि मार्गहरू पहिल्याउनु हो । त्यसकारण एक वा एक भन्दा बढी उपलव्ध भएका साहित्यहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा महिला शिक्षक सम्बन्धी शैक्षिक निति नयाँ कार्यक्रमको समिक्षा, अनुसन्धान, प्रतिवेदनहरूको समिक्षा र अनुसन्धानकर्ताको दृष्टीकोणलाई समेटीएको छ ।

विद्यालयमा कार्यरत अधिकांश महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यून भएको महिला शिक्षकहरू प्राय तालिम प्राप्त भएको शिक्षण अनुभव २-३ वर्षदेखि झण्डै ४० वर्ष भन्दा वढी भएका महिला शिक्षकहरू १-२ जना भएको र त्यसै गरि महिला शिक्षकहरूलाई शिक्षण

पेशा अपनाउदा समयको अभाव, घरको काममा व्यस्त रहनुपर्ने भएकोले आफुले अध्यापन गराउने विषयको पूर्व तैयारी गर्न नपाउने सन्दर्भ सामग्रीहरूको अभावको कारणले विषयवस्तुको प्रभावकारी प्रस्तुती गर्न नसकीरहेको उल्लेख गरेका छन् । महिला शिक्षकहरूलाई विद्यालयमा हुने सम्पूर्ण गतिविधीमा समान सहभागिता नगराईएको, पुरुष शिक्षकहरूले हेप्ने गरेको, समाज र परिवारले पनि शुरू शुरूमा नकारात्मक दृष्टिले हेर्ने गरेको र कतिपय विद्यालयहरूमा प्र.अ. र प्रशासनसँग नजिकको नातेदार शिक्षकहरूलाई बढी सुविधा दिईएको जो महिला शिक्षक इमान्दारी पूर्वक आफ्नो जिम्मेवारी पुरा गर्छन् । तिनिहरूलाई कुनै किसिमको प्रोत्साहन तथा सुविधा प्रदान नगरेको कारण उनीहरूमा पेशा प्रतिको उत्साह, उमङ्ग र जागरूकता कम भएको उल्लेख गरेका छन् लुईंटेल (२००८) ।

सामुदायिक विद्यालयका महिला शिक्षकहरूको कार्यभार बढि हुन्छ त्यो भन्दा पनि बढि निजि विद्यालयका शिक्षकको कार्यभार झन् बढि भएको पाइन्छ । त्यसकारण सामुदायिक विद्यालयमा थप दरवन्दि व्यवस्था गरी योग्य र दक्ष महिला शिक्षकहरू नियूक्ति गर्नुपर्ने, छात्राहरूलाई विद्यालय तहबाटै गणित र अंग्रेजी जस्ता विषयहरू पढ्न प्रोत्साहित गर्नुपर्ने, महिला शिक्षकहरूको संख्या न्यून भएकोले त्यसलाई बृद्धि गर्नुपर्ने साथै सरोकारवालाहरूको महिला शिक्षकप्रतिको धारणा सकारात्मक बनाउँदै लैजान राज्यले आवश्यक नीति निर्माण गर्नुपर्ने जस्ता सुझाव दिएका छन् (आचार्य, २०६७) ।

महिला शिक्षकको संख्या कम भएको र अधिकांश शिक्षकहरू प्राथमिक तहमा अध्यापन गराउन आवश्यक न्यूनतम योग्यता मात्र भएका शिक्षकहरू तालिम प्राप्त भए पनि ५ वर्षभन्दा कम शिक्षण अनुभव हुने शिक्षक कम रहेको अधिकांश महिला शिक्षक अस्थायी, राहत र निजिस्रोतमा कार्यरत रहेको, महिला शिक्षकको शिक्षण कार्यभार प्रति हप्ता ३० भन्दा बढि भएको नीजि विद्यालयका महिला शिक्षकहरूलाई दिनमा ८ पिरियड पढाउनुपर्ने, कम तलब, तालिमको सुविधाबाट वञ्चित भएको, तालिमकेन्द्रमा तालिममा सहभागि हुंदा र सुत्केरी हुंदा शिक्षण सिकाइ क्रियाकलाप गर्न कठिनाई भएको, विद्यालयका सम्पुर्ण गतिविधिमा पुरुष शिक्षक सरह समान अवसर नपाएको शैक्षिक सामग्रीहरू विद्यालयहरूमा नभएको, आफै निमार्ण गरी अध्यापन गर्न समयको अभाव भएको र महिला शिक्षकहरू पुरुष शिक्षकको तुलनामा राजनीतिमा कम चासो र जाँड रक्सि, तास जुवा जस्ता खेलवाडमा नलाग्ने भएकोले पनि शिक्षण सिकाइ क्रियाकलापमा बढि सकृय र क्रियाशिल

हुन्छन् भन्ने धारणा समाजमा रहेकाले महिला शिक्षकहरू प्रति सकारात्मक धारणा भएको उल्लेख गरेका छन् देवकोटा, (२०६५) ।

विष्ट, (२००६) का अनुसार नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले शिक्षण पेशामा महिला शिक्षक भर्ना गर्नुपर्ने आवश्यकता पहिचान गऱ्यो । उक्त आयोगको प्रतिवेदन नेपालको शैक्षिक अवस्था अनुसार प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूसँग घुलमिल गर्न र उनीहरूका भावनालाई बुझ्ने वा ग्रहण गर्ने कार्य क्षमता पुरुष शिक्षकमा भन्दा महिलाहरूमा बढि हुन्छ । उक्त आयोगले सरकारी तवरबाट यो कुरा सिफारिस गऱ्योकी शिक्षण पेशामा दक्ष तथा योग्य शिक्षक शिक्षिका छनौटमा सरकारको कुशल नेतृत्व, उचित प्रकृया र योजनाले महत्वपूर्ण भूमिका खेल्दछ । अरू धेरै पश्चिमी मुलुकहरूमा जस्तै नेपालमा पनि शिक्षण पेशालाई महिलाको पेशा बनाउने लक्ष्य बोकेको छ । प्रत्येक प्रा.वि. मा १ जना महिला शिक्षक अनिवार्य व्यवस्था गर्नुपर्ने, लामो समयसम्म अस्थायी र नीजि स्रोतमा कार्यरत शिक्षकहरूलाई अविलम्व स्थायी गर्नुपर्ने, दलित महिला शिक्षकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने, निजि विद्यालयका महिला शिक्षकहरूलाई पनि सरकारी सरह सेवा सुविधा प्रदान गर्नुपर्ने । शिक्षण पेशालाई थप मर्यादित बनाउन राज्यले उपयुक्त नीतिको व्यवस्था गर्नुपर्ने जस्ता सुझाव दिएका छन् ।

उनको अध्ययनले के देखाउंछ भने जातिगत हिसावमा क्षेत्रि र नेवारको तुलनामा ब्राम्हण समुदायका महिलाहरूले विवाहपछि शिक्षण पेशा समालेका छन् । विवाहपछि उनीहरूमा आफ्नो शिक्षालाई निरन्तर अगाडि बढाउने अवसर कम भइ पुरुष भन्दा कम शैक्षिक योग्यता हुन्छ । धेरैजसो महिला शिक्षकहरू तालिम अप्राप्त र कम योग्यता भएकाले अंग्रजी र गणित जस्ता विषयहरूको शिक्षण नगर्ने र पुरुष शिक्षकले नै गर्ने गरेका छन् । महिला शिक्षकहरूले आफ्नो घरपरिवार र बालबालिकाहरूलाई उत्तिकै ध्यान दिनुपर्ने हुनाले र विद्यालयमा अन्य कार्यालयमा भन्दा अलि धेरै बिदा पाउने भएकोले शिक्षण पेशा अपनाएका हुन् । जुन विद्यालयमा महिला शिक्षकको व्यवस्था गरिएको छ त्यस्ता विद्यालयमा छात्रा भर्ना दरमा वृद्धि भएको र छात्राहरूले विचमा विद्यालय छाड्ने दर घट्नुका साथै छात्र-छात्रा दुबैको भर्नादरमा पनि वृद्धि भएको कुरा यस अध्ययनले देखाएको छ विष्ट, (२००६) ।

राष्ट्रिय शिक्षा पद्धतीको योजना (२०२८) ले शिक्षा क्षेत्रमा महिला शिक्षकहरूको सहभागीता पर्याप्तता हुनुपर्दछ भन्ने हेतुले महिला शिक्षकको सहभागिता सम्वन्धि केहि नीतिहरू निमार्ण

गर्‍यो । जुन नीतिमा विद्यालय तहमा महिला शिक्षक संख्या बढाउने बुंदाहरू उल्लेख गरिएको थियो । ती योजना तथा नीतिहरूले विद्यालय तहमा छात्राहरूको सहभागिता सशक्त रूपमा वृद्धि गर्ने रणनीति निमार्णका लागि महिला शिक्षकको लामो समयसम्म र स्थायी रूपमा नै नियुक्ति गर्नुपर्ने प्रावधान निर्माण गर्‍यो ।

महिला शिक्षकको अनुपात बढाउन सेरिड (CERID) ले गरेको एक अध्ययन अनुसार फितलो र कमजोर कार्यान्वयनका कारणले गर्दा महिला शिक्षक भर्ना गर्ने नीति प्रभावकारी भएको छैन । समग्रमा के भन्न सकिन्छ भने शिक्षणलाई महिलाको पेशा बढाउने नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको जुन सपना थियो । त्यो अझै पुरा हुन सकेको देखिदैन । CERID, का अनुसार महिला शिक्षकहरूलाई पेशागत विकास गर्नको लागि शिक्षक तालिममा भाग लिन पाउने अवसर प्राप्त भएको र एक जना मात्र महिला शिक्षक विद्यालयमा उपस्थितिले पनि अभिभावक र छात्राहरूलाई सुरक्षाको अनुभूति प्रदान गर्दछ । जुनसुकै विद्यालयमा सुरक्षा र सुविधा अति आवश्यक/आधारभूत तत्व भएको र साधारणतया वातावरणीय असुरक्षा र यौन दुर्व्यवहार र पुरुष शिक्षकहरूबाट नराम्रो व्यवहार भएका उदाहरणहरू पनि प्रशस्तै पाईन्छ । त्यसैले अभिभावकहरूले पुरुष शिक्षक भन्दा महिला शिक्षक बढी भएको विद्यायमा धेरै आरामदायी र सुरक्षा हुने कुरा उल्लेख गरेका छन् ।

यी विभिन्न अनुसन्धानबाट निम्न समिक्षा गर्न सकिन्छ । पहिलो, एकातिर नीतिगत लक्ष्य र अर्कातिर वास्तविक कार्यक्रमका बीच ठूलो अन्तर रहेको छ । सुक्ष्म कार्यक्रमले व्यापक रूपमा निर्माण गरिएको नीतिगत लक्ष्यलाई समेट्न सकेन । दोस्रो, शिक्षा सम्बन्धी लक्ष्यउन्मुख कार्यक्रम आर्थिक विभाजन र शैक्षिक नीति बीचमा ठूलो अन्तर रहेको छ । तर कनै पनि नीतिगत लक्ष्य पुरा गर्न प्रयाप्त आर्थिक विभाजनको आवश्यकता पर्दछ । यसबाट यो अनुमान गर्न सकिन्छ कि विद्यालयमा छात्रा भर्ना वृद्धि गर्न महिला शिक्षक हुन आवश्यक छ । किन पनि भने नेपालमा लैङ्गिक विभेद, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक, र आर्थिक रूपमा जरा गाडिएर रहेको परम्परागत सोच र चिन्तन रहेको अवस्था छ । राजनैतिक, सामाजिक, कानूनी , संस्थागत, आर्थिक र साँस्कृतिक जस्ता विभिन्न रूपबाट शिक्षामा लैङ्गिक समानता र समतालाई रद्द गरेको पाईन्छ ।

राष्ट्रिय जनगणना, (२०६८) नेपाल विकासोन्मुख राष्ट्र हो । यहाँको साक्षरता प्रतिशत ६५.०९% छ त्यसमा पुरुष ७५.३८% र महिला ५७.०१% रहेको छ । त्यसमा पनि पुरुषको तुलनामा महिलाको साक्षरता प्रतिशत ज्यादै न्यून छ । बालिका तथा महिला विरूद्ध हुने विभेद प्राय सबै समाजमा जरा गाडेर रहेको छ । यो विभेद शिक्षा लगाएत अन्य क्षेत्रमा पनि छ । तसर्थ समानता ल्याउन मानव अधिकार सम्बन्धी कानूनले आंशिक गरिने कार्यलाई गति दिन अन्तर्राष्ट्रिय समुदायहरू विभिन्न राजनैतिक उपायहरू अपनाउन सहमति भएका छैन । शिक्षामा लैङ्गिक समानता प्रावधानलाई सन् १९९० को दशकमा आयोजित मानव अधिकार महिला जनसंख्या तथा सामाजिक विकास सन्धि सम्मेलनहरूले पनि पुनः प्रतिवद्धता जाहेर गरेका छन् । शिक्षामा समानता ल्याउनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर देखि नै धेरै प्रयासहरू गरिएका छन् र यो प्रयासलाई प्रत्येक देशहरूले कार्यात्मक रूपमा प्रस्तुत नगरेसम्म शिक्षामा समानता ल्याउन सकिदैन ।

सवैका लागि शिक्षा (२०००-२०१५) कार्यक्रम अनुसार सवैका लागि शिक्षाको लागि डकार कार्य ढाँचालाई नेपालले पनि प्रतिवद्धता जनाएको छ । जस अन्तरगत नेपालले मातृभाषाको माध्यमबाट प्राथमिक तहसम्मको शिक्षा दिन सक्नेछ । सन् २०१५ सम्ममा सबै बालबालिका एवं निःशुल्क अनिवार्य प्राथमिक शिक्षामा पहुँच र स्तरीय प्राथमिक शिक्षाको सुनिश्चितता गरिने कुरा उल्लेख गरेको छ । त्यसैगरी महिला प्रौढहरूको निमित्त आधारभूत र निरन्तर शिक्षामा ल्याएको नीतिबाट सन् २०१५ सम्ममा प्रौढ साक्षरताका दुवै तहमा ५० प्रतिशत ले सुधार गर्ने उल्लेख छ ।

सन् २००५ सम्ममा प्राथमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाइ सन् २०१५ सम्ममा स्तरीय आधारभूत शिक्षाको उपलब्धिमा छात्राहरूको पुर्ण न्यायिक पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता कायम गर्ने कुरा उल्लेख गरिएको छ । सबैका लागि शिक्षा कार्यक्रमको विश्वव्यापी अनुगमन प्रतिवेदनमा के उल्लेखित गरिएको छ भने प्राय सबै जसो देशहरूमा सन् १९९० देखि सन् २००० को अवधीमा महिला शिक्षकको संख्यात्मक वृद्धि भएको छ । तर जुन देशमा सन् १९९० मा नै कम थियो ति देशमा महिला शिक्षकको संख्यामा पनि कमि आएको छ । नेपाल वाहेक अन्य कुनैपनि देशमा शिक्षकको तहमा पनि धेरै लैङ्गिक असन्तुलन पाईदैन । जुन देशमा महिला शिक्षक न्यून छन् त्यहाँको प्राथमिक तहमा लैङ्गिक असमानता उच्चतम विन्दुमा छ ।

औद्योगिक देशहरूको समेत गणना गर्दा धेरै देशहरूमा प्राथमिक, माध्यमिक र उच्च शिक्षामा महिला शिक्षकको उपस्थिति क्रमशः घट्दै गएको छ । युनेस्कोले गरेको एक अध्ययनले विद्यालयमा महिला शिक्षकको उपस्थितिले विद्यार्थीहरूको भर्नादर विशेष गरि छात्रा भर्नादर वृद्धि गरेको र विचैमा विद्यालय छोड्ने दरलाई पनि न्युन गराएको बाट महिला शिक्षकको शैक्षिक उपलव्धीमा सकारात्मक प्रभाव पारेको कुरा देखाइएको छ ।

दशौं पञ्चवर्षिय योजनाको लक्ष्य अनुसार दशौं योजनाले राखेका सात वटा उद्देश्य मध्य उद्देश्य नं. १ मा साक्षरता, साक्षरोत्तर, आयमुलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरि विशेषतः पिछडिएका समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने उल्लेख गरीएको छ । यसैगरी उद्देश्य नं. ६ मा सबैका लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्ने भन्ने उल्लेख गरिएको छ ।

नेपालको अन्तरिम संविधान (२०६३) ले लैङ्गिक समानताका लागि निम्न लिखित व्यवस्था गरिएको छ

- समानताको हक- राज्यले नागरिकहरूकाबीच धर्म, वर्ण,जात,लिङ्ग,उत्पति भाषा वा वैचारिक अवस्था वा ती मध्य कुनै कुराको आधारमा भेदभाव गर्ने छैन् ।
- रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धि हक - महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा असक्त र असहाय नागरिकलाई कानूनमा व्याख्या भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।
- महिला हक- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य गरिने छैन र त्यस्ता कार्य कानूनद्वारा दण्डनीय हुनेछ, पैत्रिक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ ।
- सामाजिक न्यायको हक- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मदेशी समुदायका उत्पीडित वर्ग, गरिव किसान र मजदुरहरूलाई समानुपातिक सिद्धान्तको आधारमा राज्य संचालनमा सहभागि हुने समान हक हुनेछ । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ३ वर्षे योजना

तर्जुमा खाका (२०६४-२०६७) ले महिलाले महिला शिक्षाको सम्वन्धमा निम्न कुरा उल्लेख गरेको छ ।

सुविधाविहिन वर्ग, विशेष गरि महिला, मधेसी, दलित, विस्तापितहरूलाई शिक्षामा विशेष छात्रवृति दिइ साक्षरता बढाउनको लागि कृषि, पर्यटन, स्थानीय आधारभूत स्वास्थ्य कार्यक्रमलाई प्याकेजका रूपमा विकास गरी एकिकृत कार्यान्वयन गरिने छ । (आचार्य, २०६७)

सिन्धुपाल्चोक जिल्लाको साक्षरता दर ४०.२ प्रतिशत र त्यसमा पुरुषको साक्षरता प्रतिशत ५०.४ र महिलाको साक्षरता दर २९.१ प्रतिशत छ । सिन्धुपाल्चोक जिल्लामा गृहिणी विद्यालय २ ओटा रहेका छन् । सामुदायिक अध्ययन केन्द्र ४० ओटो रहेका छन् । खुल्ला विद्यालय माध्यमिक तह १ रहेको छ । बाल विकास केन्द्र ३३२ ओटा रहेका छन् । सामुदायिक र संस्थागत विद्यालयहरू जसमा प्रा.वि. सामुदायिक ३२५ र संस्थागत १८ गरि जम्मा ३७० विद्यालयहरू रहेका छन् । नि.मा.वि. सामुदायिक विद्यालय ९८ ओटा र संस्थागत २ ओटा १०० विद्यालयहरू रहेका छन् । मा.वि. सामुदायिक १२७ (उ.मा.वि. ४३ सहीत) र संस्थागत १० गरी जम्मा १३७ विद्यालयहरू रहेका छन् । उ.मा.वि. सामुदायिक ४३ (मा.वि. सहित) ओटा र छन् भने उ.मा.वि. संस्थागत विद्यालय एउटा पनि छैन र क्याम्पस ८ ओटा रहेका छन् (शै.झ., जि.शि.का., २०६७/०६८) हेर्नुहोस्-परिशिष्ट-१ ।

सिन्धुपाल्चोक जिल्लाको २०६७/०६८ मा कुल विद्यार्थी भर्ना संख्या पूर्व प्रा.वि. तहमा जम्मा ८,०१३ जनामा छात्रा ४,१५१ जना र छात्र ३,८३२ जना रहेका छन् । प्रा.वि. (१-५) तहमा कुल विद्यार्थी संख्या ६२,००१ जना मध्ये छात्रा ३१,७७३ जना र छात्र ३०,२२८ जना रहेका छन् । नि.मा.वि. (६-८) तहमा कुल विद्यार्थी संख्या २३,२४१ जना मध्ये छात्रा १२,१३५ जना र छात्र ११,१०६ जना रहेका छन् । मा.वि. (८-१०) तहमा कुल विद्यार्थी संख्या ११,५३७ जना मध्ये छात्रा ५,९६१ जना र छात्र ५,५७६ जना रहेका छन् । उ.मा.वि. (१०-१२) तहमा कुल विद्यार्थी संख्या ६,६३८ जना मध्ये छात्रा ३,४५२ जना र छात्र ३,१८६ जना रहेका छन् ।

दलित तर्फ कुल विद्यार्थी संख्या १०,४७९ जना मध्ये छात्रा ५,४१२ जना र छात्र ५,०६७ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या ६६,३३८ जना मध्ये छात्रा ३३,१४५ जना र छात्र ३३,२४३ जना रहेका छन् (शै.झ., २०६७, जि.शि.का.) । यसबाट के स्पष्ट

हुन्छ भने सिन्धुपाल्चोक जिल्लाका अभिभावकहरू छात्रा भर्नातर्फ उत्प्रेरित भएको पाइन्छ हेर्नुहोस, परिशिष्ट-२ ।

सिन्धुपाल्चोक जिल्लामा शिक्षाकहरूको तहगत विवरण २०६८ सालको बढुवा बाहेक प्रा.वि., नि.मा.वि.र मा.वि. तहको विवरण प्रा.वि. प्रथम श्रेणीमा जम्मा २५ जना शिक्षकहरू मध्ये महिला १ जना र पुरुष २४ जना रहेका छन् । प्रा.वि. द्वितीय श्रेणीमा कुल २२५ शिक्षक मध्ये महिला १४ जना र पुरुष २११ जना रहेका छन् । प्रा.वि. तृतिय श्रेणीमा कुल शिक्षक संख्या १००१ जनामा महिला १४८ जना र पुरुष ८५३ जना रहेका छन् । त्यस्तै नि.मा.वि. प्रथम श्रेणीमा कुल शिक्षक संख्या ३ जनामा तिनै जना पुरुष रहेका छन् महिला एकजना पनि छैनन् । नि.मा.वि. द्वितीय श्रेणीमा कुल २७ जना शिक्षकहरूमा पुरुष २७ जना छन् भने महिला एकजना पनि छैनन् । नि.मा.वि. तृतिय श्रेणीमा कुल शिक्षक संख्या १२० जनामा पुरुष १२० जना छन् भने महिला एकजना पनि छैनन् । त्यस्तै मा.वि. प्रथम श्रेणीमा कुल २ जना शिक्षकमा दुइजना नै पुरुष रहेका छन् भने महिला एकजना पनि छैनन् । मा.वि. द्वितीय श्रेणीमा कुल शिक्षक संख्या २३ जनामा पुरुष २३ जना छन् भने महिला एकजना पनि छैनन् । मा.वि. तृतिय श्रेणीमा कुल शिक्षक संख्या ११६ जनामा पुरुष ११४ जना रहेका छन् भने महिला २ जना रहेका छन् हेर्नुहोस् परिशिष्ट-३ ।

सिन्धुपाल्चोक जिल्लाको शैक्षिक उपलब्धि स्तर यस प्रकार रहेको छ । कक्षा उत्तीर्ण दर पूर्व प्रा.वि.मा छैन । प्रा.वि.मा ८०, नि.मा.वि.मा ८२ र मा.वि.मा ८५ रहेको छ । कक्षा दो-याउने दर पूर्व प्रा.वि.मा छैन । प्रा.वि मा १४, नि.मा.वि.८ र मा. वि. ९ रहेको छ । सहजै देखिने भर्नादर पूर्व प्रा.वि. ३४, प्रा.वि.मा ११९.५, नि.मा.वि.मा १०८.९ र मा.वि.मा ४१ रहेको छ । खुद भर्नादर पूर्व प्रा.वि.मा छैन । प्रा.वि.मा ८९.५, नि.मा.वि. मा ७४.६ र मा.वि.मा ४०.१ रहेको छ । त्यस्तै कक्षा छाड्ने दर पूर्व प्रा.वि.मा छैन । प्रा.वि. मा १४, नि.मा.वि.मा ८.५ र मा.वि.मा ८.६ रहेको छ हेर्नुहोस-परिशिष्ट-४ ।

सिन्धुपाल्चोक जिल्लाको २०६७ सालको एस.एल.सी. उत्तीर्ण प्रतिशत ७१.४१ प्रतिशत थियो भने २०६८ सालको एस.एल.सी. उत्तीर्ण प्रतिशत ४२.१६ रहेको थियो । र २०६९ सालको एस.एल.सी. उत्तीर्ण प्रतिशत करिव ४२ रहेको छ (शैक्षिक झलक, २०६७/०६८) ।

सिन्धुपाल्चोक जिल्ला २०१८ साल अगाडि काभ्रेपलान्चोक जिल्लासँग आवद्ध रहि पूर्व १ नम्वरको नामबाट परिचित थियो । नेपालको राजधानी काठमाण्डौ र तिव्वतको ल्हासाबीच

व्यापारको आगमनमा बास बस्ने र विश्राम गर्ने थलो वा चौतारीको पर्यावाचीको रूपमा विकसित नाम हो चौतारा । यस ठाउँ नेपालको राजधानी काठमाण्डौदेखि ८६ किलोमिटर मात्र टाढा रहेको छ । जुगल हिमालको काखमा रहेको र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको ठाउँ हो चौतारा (श्री कृष्ण रत्नगंगा उ.मा.वि., स्मारिका, २०६८) ।

चौतारामा चौतारा बहुमुखी क्याम्पस १, उ.मा.वि. १, मा.वि. २, नि.मा.वि. १ र प्रा.वि. ४ ओटा रहेका छन् । त्यस्तै निजि/संस्थागत विद्यालयहरू मा.वि. २ ओटा र प्रा.वि. १ रहेकोमा (हाल विद्यार्थी नभएर वन्द रहेको) हाल चौतारामा सामुदायिक र निजि/संस्थागत गरेर जम्मा ९ ओटा विद्यालयहरू र एउटा क्याम्पस रहेका छन् । चौतारा स्रोतकेन्द्रमा २६ ओटा विद्यालयहरू छन् जसमा समाहित शिक्षा कक्षा,खुल्ला मा.वि.,सामुदायिक अध्ययन केन्द्र र बालविकास केन्द्र रहेका छन् हेर्नुहोस-परिशिष्ट-५ ।

चौताराको साक्षरता दर ८३.०३ प्रतिशत रहेको छ । चौतारा गा.वि.स.का सामुदायिक विद्यालयका पूर्व प्रा.वि.देखि उ.मा.वि. सम्मका विद्यार्थी संख्या यस प्रकार रहेको छ । पूर्व प्रा.वि.तहमा कुल विद्यार्थी संख्या ४१५ जनामा जनजाति छात्र ६४ जना छन् भने छात्रा ८७ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या १७ जनामा छात्रा ७ जना छन् भने छात्रा १० जना रहेका छन् । पूर्व प्रा.वि. तहमा अन्यतर्फ कुल विद्यार्थी संख्या २४७ जनामा छात्र ११० जना छन् भने छात्रा १३७ जना रहेका छन् । प्रा.वि. तहमा कुल विद्यार्थी संख्या १५०२ जनामा अन्यतर्फ कुल विद्यार्थी संख्या ८२७ मध्ये छात्र ३७६ जना छन् भने छात्रा ४५१ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या ६१८ जनामा छात्र २७७ जना छन् भने छात्रा ३४१ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या ५७ जनामा छात्र २२ जना छन् भने छात्रा ३५ जना रहेका छन् । नि.मा.वि. तहमा कुल विद्यार्थी संख्या ६४९ जनामा अन्य तर्फ कुल विद्यार्थी संख्या ३८७ जनामा छात्र १९३ जना छन् भने छात्रा १९४ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या २४३ जनामा छात्र ११९ जना छन् भने छात्रा १२४ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या १९ जनामा छात्र ७ जना रहेका छन् भने छात्रा १२ जना रहेका छन् । त्यस्तै मा.वि. तहमा कुल विद्यार्थी संख्या ५२१ जनामा अन्य तर्फ कुल विद्यार्थी संख्या ३१३ जनामा छात्र १२९ जना छन् भने छात्रा १८४ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या १९५ जनामा छात्र ८० जना छन् भने छात्रा ११५ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या १३ जनामा छात्र ६ जना छन्

भने छात्रा ७ जना रहेका छन् । उ.मा.वि. तहमा कुल विद्यार्थी संख्या ९१२ जनामा अन्य तर्फ कुल विद्यार्थी संख्या ६०५ जनामा छात्र २८१ जना छन् भने छात्रा ३२४ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या २७९ जनामा छात्र १२८ जना छन् भने छात्रा १५१ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या २८ जनामा छात्र १३ जना छन् भने छात्रा १५ जना रहेका छन् । यसरी पूर्व प्रा.वि. देखि उ.मा.वि. सम्म अन्य तर्फ छात्र जम्मा १०८९ जना र छात्रा १२९० जना गरि जम्मा २३७९ जना रहेका छन् । जनजाति तर्फ छात्र ६६८ जना र छात्रा ८१८ जना गरि जम्मा १४८६ जना रहेका छन् । दलित तर्फ छात्र ५५ जना र छात्रा ७९ जना गरि जम्मा १३४ जना रहेका छन् । (शै.भ्फ., जि.शि.का., २०६७) हेर्नुहोस-परिशिष्ट-६ ।

त्यस्तै चौताराको निजि/संस्थागत विद्यालयका पूर्व प्रा.वि. तहमा कुल विद्यार्थी संख्या २१८ जनामा अन्य तर्फ छात्र ५५ जना र छात्रा ४६ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या १०४ जनामा छात्र ५९ छन् भने छात्रा ४५ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या १३ जनामा छात्र ७ जना छन् भने छात्रा ६ जना रहेका छन् । संस्थागत विद्यालयका प्रा.वि. तहमा कुल विद्यार्थी संख्या २५८ जनामा अन्य तर्फ छात्र ६४ जना छन् भने छात्रा ५७ गरि जना गरि जम्मा १२१ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या १२६ जनामा छात्र ७५ जना छन् भने छात्रा ५१ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या ११ जनामा छात्र ७ जना छन् भने छात्रा ४ जना रहेका छन् । त्यस्तै नि.मा.वि. तर्फ कुल विद्यार्थी संख्या ९६ जनामा अन्य तर्फ कुल विद्यार्थी ४४ जनामा छात्र ३३ जना छन् भने छात्रा ११ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या ४६ जनामा छात्र २५ जना छन् भने छात्रा २१ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या ६ जनामा छात्र ३ जना छन् भने छात्रा पनि ३ जना रहेका छन् । मा.वि. तहमा कुल विद्यार्थी संख्या ६१ जनामा अन्य तर्फ कुल विद्यार्थी संख्या ३४ जनामा छात्र १७ जना छन् भने छात्रा पनि १७ जना रहेका छन् । जनजाति तर्फ कुल विद्यार्थी संख्या २७ जनामा छात्र १२ जना छन् भने छात्रा १५ जना रहेका छन् । मा.वि. तहमा दलित एकजना पनि छैनन् । निजि/संस्थागत विद्यालयमा जनजाति तर्फ पूर्व प्रा.वि.देखि मा.वि. सम्म छात्र तर्फ कुल विद्यार्थी संख्या ३८९ जना छन् भने छात्रा २८० जना रहेका छन् । जनजाति तर्फ छात्र २०७ जना छन् भने छात्रा १३२ जना रहेका छन् । दलित तर्फ कुल विद्यार्थी संख्या ३० जनामा छात्र १३ जना छन् भने छात्रा १७ जना रहेका छन् । अन्य तर्फ कुल विद्यार्थी संख्या ३००

जनामा छात्र १६९ जना छन् भने छात्रा १३१ जना रहेका छन् । चौताराका निजि/संस्थागत विद्यालयका कुल विद्यार्थी संख्या ६३३ जना रहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने अभिभावकहरू वोर्डिङ स्कूलमा छोरीलाई भन्दा छोरालाई बढि पढाउन उत्प्रेरित भएको पाइन्छ (चौतारा अगुवा स्रोतकेन्द्र), हेर्नुहोस्-परिशिष्ट-७ ।

यसरी लैङ्गिक समानताका हरेक पक्षहरूलाई कार्यान्वयन र विस्तार गर्दै लगिएको तथा विभिन्न अध्ययनहरूले देखाएका छन् । साँच्चै शिक्षण पेशामा महिला शिक्षकहरूले झेल्नु पर्ने विभिन्न समस्याहरू भए पनि महिला शिक्षकहरूको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र अर्थपुर्ण  हुने, आफ्नो कतर्व्यलाई जिम्मेवारी ढंगले बहन गर्ने, बालबालिकाहरूमा मैत्रिपुर्ण र बालमनोवैज्ञानिक ढंगबाट पठनपाठन गर्ने क्षमता भएका, महिलाहरूलाई घरायसी काम,बालबच्चाको स्याहर सुसार आदि भ्याएर पनि विद्यालयमा निश्चित समयमा पुग्ने गर्दछन् । अभिभावकहरूले पनि महिला शिक्षक भएका विद्यालयमा आफ्ना छोरीहरूलाई भर्ना गर्न अभिप्रेरित हुन्छन् । किनकी आफ्ना छोराछोरीले माया ममता र सुरक्षा पाउँछन् र विचैमा विद्यालय छोड्ने अवस्था सृजना हुदैन ।

## २.२. सम्बन्धित साहित्यको समिक्षा

आचार्य (२०६७) का अनुसार महिला शिक्षकहरूलाई विद्यालयमा हुने गतिविधिमा समान सहभागिता नगराइएको, महिलाहरूले राम्रोसँग जिम्मेवारी वहन गर्न सक्दैनन् भन्ने भावना भएको र कतिपय विद्यालयमा प्र.अ. र प्रशासनसँग नजिकको नातेदार शिक्षकलाई मात्र बढि सुबिधा दिइएको, इमान्दार महिला शिक्षकलाई कुनै किसिमको प्रोत्साहन, उमङ्ग र जागरूकता कम भएको पाइन्छ ।

लुइंटेल (२००८) का अनुसार विद्यालयहरूमा कार्यरत अधिकांश महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यून भएको प्राय तालिम प्राप्त भएको शिक्षण अनुभव २/३ वर्षदेखि झण्डै ४० वर्ष भन्दा बढि भएका महिला शिक्षक १/२ जना भएको र महिलाहरूलाई शिक्षण पेशा समयको अभाव, घरको काममा व्यस्त हुनुपर्ने कारणले पूर्व तयारी गर्न नपाउने र सन्दर्भ सामग्रीको अभावले विषयवस्तुको प्रभावकारी प्रस्तुती गर्न नसकिएको कुरा प्रस्तुत गरिएको पाइन्छ ।

देवकोटा (२०६५) का अनुसार महिला शिक्षकको संख्या कम त्यसमा पनि अधिकांश महिला शिक्षकहरू प्राथमिक तहमा अध्यापन गराउन आवश्यक न्यूनतम योग्यता मात्र भएको,तालिम प्राप्त भएपनि शिक्षण अनुभव ५ वर्ष भन्दा कम शिक्षण अनुभव रहेको, अधिकांश महिला शिक्षकहरू अस्थायी, राहत र निजिस्रोतमा रहेको, शिक्षण कार्यभार बढि रहेको, तलव भत्ता कम रहेको, तालिमको सुविधाबाट वञ्चित भएको, तालिममा सहभागी हुंदा र सुत्केरी हुंदा शिक्षण क्रियाकलाप गर्न कठिनाई भएको पाइन्छ । यति हुंदाहुंदै पनि महिला शिक्षकहरू राजनीतिमा कम चासो र जाँड रक्सी, जुवातास जस्ता खेलवाडमा नलाग्ने भएकाले शिक्षण सिकाइ क्रियाकलापमा बढि सक्रिय र क्रियाशिल हुन्छन् भन्ने धारणा समाजमा रहेकाले महिला शिक्षकहरू प्रति सकारात्मक धारणा भएको पाइन्छ ।

विष्ट (२००६) का अनुसार प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूसँग घुलमिल गर्न र उनीहरूका भावनालाई बुझ्ने क्षमता पुरुषमा भन्दा महिलाहरूमा बढि हुन्छ । उनका अनुसार जातिगत हिसावमा क्षेत्रि र नेवारको तुलनामा ब्राहम्ण समुदायका महिलाहरूले विवाह पछि शिक्षण पेशा समालेका छन् । उनीहरूमा आफ्नो शिक्षणलाई निरन्तर अगाडि बढाउने अवसर कम भइ पुरुष भन्दा कम शैक्षिक योग्यता हुन्छ । धेरै जसो महिला शिक्षकहरू तालिम अप्राप्त, कम योग्यता भएकाले अंग्रेजी र गणित जस्ता विषयको शिक्षण नगर्ने पुरुष शिक्षकहरूले नै गर्नेगरेको पाइन्छ । महिला शिक्षकहरूले आफ्नो घरपरिवार र बालबालिकाहरूलाई उत्तिकै ध्यान दिनुपर्ने भएकोले अन्य कार्यालयमा भन्दा विद्यालयमा बिदा अलि धेरै पाउने भएकोले शिक्षण पेशा अपनाएका पाइयो । जुन विद्यालयमा महिला शिक्षकहरूको व्यवस्था गरिएको छ त्यस्ता विद्यालयमा छात्रा भर्ना दरमा वृद्धि भएको र छात्राहरूले बीचमा विद्यालय छाड्ने दर घट्नुको साथै छात्र-छात्रा दुवैको भर्नादरमा वृद्धि भएको उनको अध्ययनमा पाइयो ।

राष्ट्रिय शिक्षा पद्धतीको योजना २०२८ का अनुसार शिक्षा क्षेत्रमा महिला शिक्षकहरूको सहभागिता प्रयाप्त हुनुपर्दछ भन्ने हेतुले केहि नीतिहरू निर्माण गऱ्यो जसमा महिला शिक्षकहरूको संख्या बढाउने बुँदामा उल्लेख गरिएको थियो । ती योजना र नीतिले विद्यालय तहमा छात्राहरूको सहभागिता शसक्त रूपमा वृद्धि गर्ने रणनीतिका लागि महिला शिक्षकहरूको लामो समयसम्म र स्थायी रूपमा नै नियूक्ति गर्नुपर्ने प्रावधान निर्माण गरेको पाइन्छ ।

CERID ले गरेको एक अध्ययन अनुसार फितलो र कमजोर कार्यान्वयनका कारणले गर्दा महिला शिक्षक भर्ना गर्ने नीति प्रभावकारी भएको छैन ।

CERID, का अनुसार महिला शिक्षकहरूलाई पेशागत विकास गर्नको लागि शिक्षक तालिममा भाग लिन पाउने अवसर प्राप्त भएको र एक जना मात्र महिला शिक्षकको विद्यालयमा उपस्थितिले पनि अभिभावक र छात्राहरूलाई सुरक्षाको अनुभूति प्रदान गर्दछ । जुनसुकै विद्यालयमा सुरक्षा र सुविधा अति आवश्यक/आधारभूत तत्व भएको र साधारणतया वातावरणीय असुरक्षा र यौन दुर्व्यवहार र पुरुष शिक्षकहरूबाट नराम्रो व्यवहार भएका उदाहरणहरू पनि प्रशस्तै पाइन्छ । त्यसैले अभिभावकहरूले पुरुष शिक्षक भन्दा महिला शिक्षक बढि भएको विद्यालयमा धेरै आरमदायी र सुरक्षा भएको अनुभूति गरेको यस अध्ययनमा पाइन्छ ।

सबैका लागि शिक्षा (२०००-२०१५) कार्यक्रम अनुसार प्राथमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई स्तरीय आधारभूत शिक्षाको उपलब्धिमा छात्राहरूको पूर्ण न्यायिक पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता कायम गर्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

# परिच्छेद-तीन

## अध्ययन विधि/ढाँचा

कुनै पनि अध्ययन र अनुसन्धान कार्य गर्नको लागि अपनाइने तरिकालाई विधि भनिन्छ । अथवा अनुसन्धान कार्य एक जटिल र कठिन कार्य भएको हुनाले यसका लागि निश्चित तरिका र मापदण्ड अपनाइ त्यसैको आधारमा कार्य संचालन गर्नुपर्ने हुन्छ । अध्ययन प्रभावकारी र सजिलैसँग सम्पन्न गर्नको लागि विषयवस्तुको प्रकृति अनुरूप उद्देश्य प्राप्त हुने गरी पूर्व निर्धारित विधिहरू तय गर्नुपर्ने हुन्छ । "महिला शिक्षकको पेशागत अवस्था" शीर्षकमा गरिएको यस अध्ययन कार्यमा निम्न अनुसारको स्रोत साधन र तौर तरिका तथा विधिको प्रयोग गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान कार्यका लागि बृहत योजनाको आवश्यकता पर्दछ त्यो नै अनुसन्धान ढाँचा हो । कुनैपनि अनुसन्धान व्यवस्थित रूपमा सञ्चालन गर्नुभन्दा अगाडि तयार गरिने योजना र पूर्व निर्धारित स्वरूपलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यस कार्यमा विषयको छनौटदेखि लिएर तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतिकरण कार्य सम्मका कुन-कुन कार्य विधि अवलम्वन गर्ने हो सो को विस्तृत प्रकृया तथा योजना समेटिएर अनुसन्धान कार्यका लागि मार्गनिर्देशन प्रदान गर्दछ । यस अनुसन्धानमा मिश्रित अनुसन्धान ढाँचा अपनाइएको छ । किनभने कुनै तथ्याङ्कको स्वरूप साङ्ख्यिक अथवा सङ्ख्यात्मक तथ्याङ्कको आधारमा सङ्कलन गरिन्छ । यस्ता  तथ्याङ्कहरू वस्तुवादी र वैज्ञानिक तथ्यमा आधारित हुन्छ, यसलाई कुनै परिवर्तन गर्न सकिंदैन । तर कुनैपनि अध्ययन र अनुसन्धान गर्न सबै तथ्याङ्कहरूको स्वरूप साङ्ख्यिक नभएर शाब्दिक बढि हुने गर्दछ, यसका लागि कुनै अध्ययनको मुख्य उद्देश्य कुनै अवस्था, प्रकृया, समस्या तथा घटनाको व्याख्या विश्लेषण गर्नु परेको हुन्छ । त्यसका लागि तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिने तथ्याङ्कको स्वरूप शाब्दिक हुन्छ । यस विधिलाई आवश्यकता अनुसार शंसोधन र परिवर्तन गर्न सकिन्छ । यस्ता तथ्याङ्कहरूको क्षेत्र र गहिराई चौडा र फराकिलो हुन्छ । त्यसैले यस अनुसन्धानमा मिश्रित दाँचा अपनाइएको छ ।

## ३.२ जनसंख्या तथा नमूना छनौट

यस अध्ययनको लागि सिन्धुपाल्चोक जिल्लाका ७९ वटा गा.वि.स. मध्य सदुरमुकाम चौतारा गा.वि.स. मा रहेका चौतारा बहुमुखि क्याम्पस-१, सामुदायिक विद्यालय उ.मा.वि.-१, मा.वि.-२, नि.मा.वि.-१, प्रा.वि.-३ र निजि/संस्थागत विद्यालयहरूमा मा.वि.-२ वटा गरि जम्मा ९ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूमा अध्यापनरत ९ जना प्र.अ.,९ जना वि.व्य.स.महिला प्ररिनिधि,विद्यार्थी र अभिभावक यस अध्ययनको जनसंख्याको रूपमा लिएको छ । उक्त जनसंख्या मध्यबाट अनुसन्धान कार्य पुरा गर्नको लागि चौतारा गा.वि.स. भित्रका ९ ओटा विद्यालय मध्य ३ ओटा सामुदायिक विद्यालयका ६ जना महिला शिक्षकहरू ३ जना प्र.अ.र ३ जना वि.व्य.स.महिला प्रतिनिधिलाई उद्देश्यमुलक नमूना विधिबाट छनौट गरियो । प्रत्येक विद्यालयका ३ जनाका दरले जम्मा ९ जना अभिभावक र प्रत्येक विद्यालयका ४ जनाका दरले जम्मा १२ जना विद्यार्थी चिठा पद्धतिद्वारा नमूना छनौट गरिएको छ ।

कुनैपनि अध्ययन र अनुसन्धान गर्न नेपालका ७५ जिल्ला मध्ये कुनै एक छान्नुपर्ने भएकोले सिन्धुपाल्चोक जिल्ला छनौट गरियो । यस अनुसन्धानकार्यलाई वा सिमाङ्कलाई सरल बनाउन सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतरा गाउँ विकास समिति नै छनौट गरें । किनभने जिल्ला सदरमुकाम राजधानीबाट नजिकै रहेको स्थान हो र सुगम ठाउँ पनि भएकोले सदरमुकाममा महिला शिक्षकहरूको सहभागिता सन्तोषजनक नै हुन्छ र जिल्ला भरिकै प्रतिनिधित्व गर्ने भएकोले र सदरमुकाममा विद्यालय पनि बढि र मानिसको जमघट र महिला शिक्षकको प्रतिधित्व पनि बढि भएकोले नै अन्य गउँ विकास समिति छनौट नगरी चौतारा नै छनौट गरियो । त्यसमा पनि सामुदायिक विद्यालयतर्फ १ मा.वि. र २ प्रा.वि. गरी जम्मा ३ ओटा विद्यालयका २/२ जना गरि जम्मा ६ जना महिला शिक्षकलाई मात्र छनौट गरेको हो । सम्पुर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकोले आफ्नो अध्ययन कार्यलाई सहज र सरल बनाउन जनसंख्याबाटै प्रतिनिधिमुलक केहि एकाइहरूको छनौट गरिन्छ । यसरी निश्चित जनसंख्यालाई लिएर अध्ययन र अनुसन्धान गर्दा अनावाश्यक समय, श्रम र खर्चको बचत हुन्छ । त्यसकारण यस अध्ययनमा नमूना छनौट विधि अपनाइएको हो ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस अध्ययनका लागि अनुसन्धानकर्ता आँफै अध्ययन क्षेत्रमा गएर विद्यालयको प्रशासनसँग अनुमति लिइ विद्यालयमा अध्यापनरत महिला शिक्षक उक्त विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्था समितिका महिला सदस्यहरूसँग व्यक्तिगत रूपमा अन्तरवार्ता प्रश्नावली र सर्वेक्षण फारमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरियो ।

अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा त्यस विषयसँग सम्बन्धित विभिन्न स्रोतहरूबाट आवश्यक सुचनाको सङ्कलन जस्तै दस्तावेजहरू, अभिलेख फाइलहरू, Flash I, II, महिला शिक्षकसँग सम्बन्धित प्रकाशित लेखहरू, अनुसन्धान पुस्तकहरू, महिलासँग सम्बन्धित प्रगतिशिल पुस्तक, बुलेटिन, पर्चा, शिक्षा पत्रिका, शिक्षक शिक्षा, पत्रपत्रिकाहरूबाट प्राप्त जानकारीलाई द्वितीय तथ्याङ्कको रूपमा लिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

कुनै पनि अध्ययन र अनुसन्धानमा सुचना सङ्कलन गर्ने कार्यका लागि निमार्ण गरिएको साधन र अनुसन्धान कर्ताको कलाले अनुसन्धानलाई एउटा निश्चित विन्दुमा पुऱ्याउन मार्ग दर्शन गर्दछ । एउटा निश्चित समय र तोकिएको कार्य क्षेत्र भित्र अनुसन्धान कर्ताको अनुसन्धानले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले यस अध्ययनका लागि आवश्यक सूचना तथा जानकारीहरू सङ्कलन गर्ने उद्देश्यले निम्न लिखित साधनहरूको निमार्ण गरी प्रयोग गरिएको छ ।

### ३.४.१ अर्न्तवार्ता प्रश्नवली

महिला शिक्षकहरूको पेशागत अवस्था पहिचान गर्न,महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउँदा आईपरेका चुनौति र विघ्नवाधाहरू पहिल्याउन र शिक्षण सिकाई क्रियाकलापमा सामना गर्नुपरेका समस्याहरूसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्न महिला शिक्षकहरूका लागि अर्न्तवार्ता प्रश्नावली निमार्ण गरिएको थियो ।

### ३.४.२ सरोकारवालाहरू (प्र.अ. वि.व्य.सं. महिला प्रतिनिधि, अभिभावक र विधार्थी)

कुनै पनि व्यक्तिले वा विद्यालयसँग  सम्वन्ध जोडिएका व्यक्तिहरूले कुनै पनि विषय वा कार्यक्रमका बारेमा कस्तो अवधारणा/धारणा राख्दछन् ? कस्तो मत जाहेर गर्दछन् ? अथवा

अन्य विषय वा कार्यक्रम प्रति कस्तो अनुभव गरेका छन् ? भनेर अध्ययन वा मूल्याङ्कन गर्न विभिन्न विधिहरू छन् । त्यसकारण सरोकारवालाहरूको महिला शिक्षकहरूप्रतिको धारणा बुझ्न महिला शिक्षकहरूसँग सम्बन्धित मत सर्वेक्षण प्रश्नावली (मतावली) निमार्ण गरियो ।

### ३.४.३ विद्यालय सर्वेक्षण फारम

सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षकहरूको संख्या, तालिम प्राप्त, अप्राप्त, अस्थायी, स्थायी, नीजीस्रोत, तिनिहरूको कार्यभार कति छ ? आदि, विषयमा तथ्याङ्क सङ्कलनका लागि विद्यालयमा उपलब्ध संचित अभिलेखहरू र दस्तावेजहरूको सुचना सङ्कलन गर्नको लागि सर्वेक्षण फारम निमार्ण गरियो ।

### ३.४.५ तथ्याङ्क सङ्कलन र विश्लेषण प्रकृया

यस अध्ययनको लागि निर्मित साधन (अर्न्तवार्ता,प्रश्नावली,विद्यालयको सर्वेक्षण फारम र मतावली) लिई अनुसन्धानकर्ता आफैं प्रत्येक विद्यालयमा गई छनौटमा परेका महिला शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.मा महिला प्रतिनिधि र विद्यार्थीहरूसँग व्यक्तिगत रूपमा अर्न्तवार्ता प्रश्नावलीबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरियो । त्यसैगरि द्वितीय सुचना सङ्कलन गर्न अनुसन्धानकर्ताले त्यस विषयसँग सम्बन्धित विभिन्न स्रोतहरूबाट आवश्यक, सुचना सङ्कलन जस्तै लिखित दस्तावेज,अभिलेख फाईलहरू, निर्देशिकाहरू विभिन्न संघसंस्थाहरूबाट प्रकाशित प्रतिवेदनहरू पत्रपत्रिकामा विभिन्न समयमा प्रकाशित लेखहरू शिक्षा विभागबाट प्रकाशित विभिन्न तथ्याङ्कहरूयुक्त सामाग्रीहरू Flash I, II रिपोर्ट राष्ट्रिय महिला आयोगबाट प्रकाशित विभिन्न सामाग्रीहरू पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित विभिन्न तथ्याङ्कयुक्त सामाग्रीहरू र महिला शिक्षकसँग सम्बन्धित प्रकाशित विभिन्न लेख/रचनाहरूको अध्ययन गरी मिश्रित अनुसन्धानात्मक ढाँचाको भएकोले संकलित तथ्याङ्कहरूलाई आवश्यकता अनुसार उपयुक्त उपशीर्षक दिइएको छ । विश्लेषण पश्चात अध्ययनको निष्कर्ष निकाली आवश्यक सुझाव दिई अध्ययनलाई अन्तिम रूप दिइएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

सिन्धुपाल्चोक जिल्लाका ७९ वटा गाउँ विकास समिति मध्य सदरमुकाम चौतारा गाउँ विकास समितिमा रहेका क्याम्पस एक, सामुदायिक विद्यालय उ.मा.वि. एक, मा.वि. दुई, नि.मा.वि. एक,प्रा.वि. तीन र नीजि/संस्थागत विद्यालयहरूमा मा.वि. दुइ वटा गरि जम्मा ९ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती मध्ये ३ ओटा सामुदायिक विद्यालयहरूमा अध्यापनरत प्रा.वि. तहका महिला शिक्षकहरूको पेशागत अवस्था पत्ता लगाउनु, महिला शिक्षकहरूप्रति सरोकारवालाहरूको धारणा पत्ता लगाउनु र महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउदा आइपरेका समस्याहरू पहिचान गर्न महिला शिक्षकहरूसँग गरिएको व्यक्तिगत अन्तर्वार्ता,महिला शिक्षकहरूप्रति सरोकारवालाहरूको धारणा बुझ्नको लागि निर्माण गरिएको मत सर्वेक्षण प्रश्नावली (मतावली) र विद्यालया सर्वेक्षण फारमको प्रयोग गरी प्राप्त भएका तथ्याङ्कहरूको आवश्यकता निम्न अनुसार राखी आवश्यक तालिकीकरण गरी विश्लेषण र व्याख्या गरिएको थियो ।

### ४.१ महिला शिक्षकहरूको पेशागत अवस्था

महिला शिक्षकहरूको पेशागत अवस्था पत्ता लगाउन उनीहरूको शैक्षिक अवस्था, सेवाको अवस्था, शिक्षण अनुभवको अवस्था, तालिमको अवस्था र तहगत/श्रेणीगत अवस्थाले महत्वपूर्ण भूमिका खेल्ने भएकाले जसको छुट्टाछुट्टै व्याख्या र विश्लेषण गरिएको छ :

### ४.१.१ महिला शिक्षकहरूको शैक्षिक अवस्था

महिला शिक्षकहरूको शैक्षिक योग्यता पहिचान गर्नको लागि सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा गा.वि.स.मा रहेका तीनवटा विद्यालयमा प्रा.वि. तहमा अध्यापन गराउने छ जना महिला शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई न्युनतम शैक्षिक योग्यता र उच्च योग्यतामा गरी दुइ भागमा वर्गिकरण गरियो । नेपाल सरकारको नीति अनुसार प्राथमिक तहमा शिक्षण पेशामा प्रवेश गर्नको निमित्त न्युनतम योग्यता एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्दछ ।

**तालिका-१ : महिला शिक्षकहरूको शैक्षिक योग्यता**

| तह | न्युनतम योग्यता (%) | उच्च योग्यता (%) | जम्मा % |
|---|---|---|---|
| प्रा.वि. | ३ (५०) | ३ (५०) | ६ (१००) |
| जम्मा | ३ (५०) | ३ (५०) | ६ (१००) |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ) ।

माथिको तालिका अनुसार प्रा.वि. तहमा कार्यरत छ जना महिला शिक्षकहरू मध्ये नेपाल सरकारको मान्यता अनुसार न्युनतम शैक्षिक योग्यता हुने महिला शिक्षकहरूको संख्या तीन जना (५०%) छ भने न्युनतम भन्दा माथि शैक्षिक योग्यता हुने महिला शिक्षकहरू पनि तीनै जना (५०%) रहेका छन् यसबाट न्युनतम शैक्षिक योग्यता र उच्च योग्यता बराबरी भएको देखिन्छ । किनकी यो अध्ययन जिल्लाको सदरमुकाममा गरेको भएर पनि बराबर भएको हो । विकट स्थानमा यस्तो भएको पाइदैन ।

### ४.१.२ महिला शिक्षकको सेवाको अवस्था

सामुदायिक विद्यालयहरूमा शिक्षक सेवाको अवस्थालाई खास गरी २ भागमा विभाजन गरेको पाइन्छ पहिलो स्थायी र दोस्रो अस्थायी । अर्को नेपाल सरकार बाहेक राहत र नीजि स्रोत । स्थायी शिक्षकहरूले अवकाश हुने उमेर साठी वर्ष सम्म शिक्षण सेवा गर्न सक्छन् भने विद्यालयमा रिक्त दरवन्दीमा शिक्षक आवश्यक भएमा र विद्यालयको तत्कालिन अवस्था पूर्ति गर्नको लागि स्थानीय स्तरबाटै नियुक्ती गरिएको हुन्छ । तिनीहरूलाई कुनै स्थायी शिक्षकलाई जस्तो सेवा र सुविधाहरू प्रदान गरिएको हुदैन र राहत दरबन्दीका शिक्षकहरूलाई एशियाली विकास बैंकबाट तलव भत्ता दिएको हुन्छ । तीनवटा विद्यालयका छ जना महिला शिक्षकहरूमा गरिएको अध्ययन अनुसार महिला शिक्षकको सेवाको अवस्थालाई तालिकामा देखाइएको छ ।

**तालिका-२ :महिला शिक्षकको सेवाको अवस्था**

| त्र.सं. | सेवाको अवस्था | प्रा. वि. | जम्मा % |
|---|---|---|---|
| १ | स्थायी | ३ | ३ (५०) |
| २ | अस्थायी | १ | १ (१७) |
| ३ | राहत | १ | १ (१७) |
| ४ | निजि स्रोत | १ | १ (१७) |
| | जम्मा | ६ जना | ६ (१००) |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ)

माथिको तालिका अनुसार स्थायी महिला शिक्षक तीन जना,अस्थायी एक जना, राहत एक जना र निजिस्रोतमा एक जना रहेका छन् । यस तथ्याङ्कबाट के भन्न सकिन्छ भने ५० प्रतिशत महिला शिक्षकहरू स्थायी छन् भने ५० प्रतिशत शिक्षकहरू अस्थायी,राहत र निजिस्रोतमा रहेका छन् । माथिको तथ्याङ्कको विश्लेषण गर्दा ५० प्रतिशत शिक्षकको पेशाको ग्यारेण्टी नभएकाले शिक्षण सिकाइ क्रियाकलापमा लगनशिल भएर लाग्न नसकेको,स्थायी र अन्य शिक्षकहरूको बीचमा हुने भेदभावपूर्ण व्यवहारले पनि शिक्षण सिकाइ क्रियाकलाप प्रभावित भएको छ ।

### ४.१.३ महिला शिक्षकहरूको शिक्षण अनुभवको अवस्था

अध्ययन गरिएका ३ वटा सामुदायिक विद्यालयका महिला शिक्षकहरूको शैक्षिक अवस्था पहिचान गर्नका निमित्त अन्तर्वार्ता प्रश्नावली निमार्ण गरिएको थियो । उक्त अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त शिक्षण अनुभवलाई तल तालिकामा दिइएको छ ।

**तालिका-३ः महिला शिक्षकहरूको शिक्षण अनुभवको अवस्था**

| क्र.सं. | शिक्षण अनुभवको अवस्था | प्रा.वि. |
|---|---|---|
| १ | १० वर्ष भन्दा कम | २ (३४) |
| २ | २० वर्ष भन्दा कम | १ (१७) |
| ३ | २० वर्ष भन्दा बढि | ३ (५०) |
| | जम्मा | ६ |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ)

माथिको तालिकाबाट १० वर्ष भन्दा कम शिक्षण अनुभव भएका महिला शिक्षकहरूको संख्या २ जना (३४%) पाइयो । २० वर्ष भन्दा कम शिक्षण अनुभव भएका महिला शिक्षक १ जना र २० वर्ष भन्दा बढि ३ जना महिला शिक्षकहरू शिक्षण अनुभव हासिल गरेका पाइयो । यसबाट के बुझिन्छ भने ५० प्रतिशत  महिला शिक्षकहरू २० वर्ष भन्दा बढि शिक्षण अनुभव भएको पाइयो ।

### ४.१.४ महिला शिक्षकहरूको तालिमको अवस्था

सामुदायिक विद्यालयका महिला शिक्षकहरू कति तालिम प्राप्त अवस्थामा छन् कति अप्राप्त अवस्थामा छन् भनि सर्वेक्षणबाट प्राप्त सुचनालाई तल तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका-४ : महिला शिक्षकहरूको तालिमको अवस्था**

| क्र.सं. | तालिमको अवस्था | प्रा.वि. |
|---|---|---|
| १ | प्राप्त | २ (३४) |
| २ | अप्राप्त | ४ (६६) |
| | जम्मा | ६ (१००) |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ)

माथिको तालिका अनुसार महिला शिक्षकहरूमा गरिएको अन्तर्वार्ता प्रश्नावली र दस्तावेज अध्ययन गर्दा दुवैबाट तालिम प्राप्त महिला शिक्षकको संख्या २ (३४%) जना मात्र पाइयो भने तालिम अप्राप्त संख्या भने ४ (६६%) जना पाइयो । यसरी अहिले पनि ६६ प्रतिशत महिला शिक्षकहरू तालिम अप्राप्त भएको यथार्थता बताउन सकिन्छ । महिला शिक्षकलाई पुरुष शिक्षक सरह सहजै तालिम केन्द्रमा पठाउन विद्यालय प्रशासनले पहल नगर्ने भएकाले र प्रधानाध्यापकबाट समान व्यवहार नभएकाले अधिकांश महिला शिक्षकहरू अहिले पनि तालिम अप्राप्त छन् । विद्यालयका प्रधानाध्यापक अथवा विद्यालय प्रशासनले समान व्यवहार गर्नुपर्ने देखिन्छ । गर्भवती अवस्था र सुत्केरी अवस्थामा तालिम पुरा गर्न कठिन हुने तालिम केन्द्रमा लामो समयसम्म बस्न आवश्यक आवासको व्यवस्था पनि नभएकाले महिला शिक्षकहरू तालिम अप्राप्त भएका हुन् ।

### ४.१.५ महिला शिक्षकहरूलाई शिक्षण पेशामा प्रेरित गराउने पक्षहरू

सामुदायिक विद्यालयहरूमा कार्यरत महिला शिक्षकहरू कसरी र कसको प्रेरणाबाट शिक्षण पेशामा संलग्न भए त भन्ने बारेमा अध्ययन गर्न अनुसन्धान कर्ताले उनीहरूसँग गरेको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त जानकारी तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका-५: महिला शिक्षकहरूलाई शिक्षण पेशामा प्रेरित गर्ने पक्षहरू**

| क.सं. | प्रेरित गर्ने पक्षहरू | संख्या |
|---|---|---|
| १ | बाबु | २(३३.३) |
| २ | श्रीमान | २(३३.३) |
| ३ | आफ्नो गुरु | १(१६.६) |
| ४ | आफै | १(१६.६) |
| | जम्मा | ६(१००) |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ)

माथिको तालिकाको अध्ययनबाट महिला शिक्षकहरू ३३.३ प्रतिशत आफ्नो बाबुबाट प्रेरित भई शिक्षण पेशा अंगालेको पाइयो । यसै गरी विवाह पछि आफ्नो श्रीमानबाट प्रेरित भई शिक्षण पेशा अंगालेको पनि ३३.३ प्रतिशत, आफ्ना गुरुहरूबाट प्रेरित भई शिक्षण पेशा अंगालेका १६.६ प्रतिशत र आफैं शिक्षण पेशा अपनाएका १६.६ प्रतिशत पाइयो ।

बाबुले घरमा छोरा र छोरीलाई  गर्ने समान व्यवहारले ३३.३ प्रतिशत महिला शिक्षकहरू बाबुको प्रेरणाबाट शिक्षण पेशामा लाग्न सफल भएको, श्रीमान र श्रीमति बीचको दोहोरो सञ्चारबाट विवाहित महिला शिक्षक बन्न सफल भएको र १६.६ आफ्नो गुरुबाट प्रेरित भएको र १६.६ प्रतिशत महिला शिक्षकहरू आफै शिक्षण पेशा अपनाएको पाइन्छ ।

### ४.१.६ महिला शिक्षकहरूको तहगत अथवा श्रेणीगत अवस्था (२०६८ को बढुवा बाहेक)

सामुदायिक विद्यालयका महिला शिक्षकहरू कति बढुवा छन् कति छैनन् भन्ने कुरा सर्वेक्षणबाट प्राप्त सुचनालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-६: महिला शिक्षकहरूको श्रेणीगत अवस्था**

| तह | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतिय श्रेणी | जम्मा |
|---|---|---|---|---|
| प्रा.वि. | १(१७) | – | ५(८३) | ६ (१००) |
| जम्मा | १ | – | ५ | ६ |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार महिला शिक्षकहरूमा गरिएको अन्तर्वार्ता प्रश्नावली र दस्तावेज अध्ययन दुबैबाट प्रथम श्रेणीमा एक जना महिला शिक्षक मात्र देखियो भने ५ जना ८३% महिला शिक्षकहरू तृतीय श्रेणीमा नै यथावत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने महिलालाई बढुवा गराउन राज्य नै मौन देखिन्छ र पितृसतात्मक सोच र चिन्तन हो कि भनि विश्लेषण गर्न सकिन्छ । यसको न्युनिकरण गर्न र लैङ्गिक विभेद हटाउन सम्बन्धित निकाय नै लाग्नुपर्दछ ।

## ४.२. महिला शिक्षकहरूप्रति सरोकारवालाहरूको धारणा (प्र.अ., वि.व्य.स. महिला प्रतिनिधि, अभिभावक र विद्यार्थीहरू)

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा गा.वि.स.मा रहेका ३ वटा सामुदायिक विद्यालयहरूमा अध्यापनरत प्राथमिक तहमा महिला शिक्षकहरूको शिक्षण र व्यवहार प्रतिको धारणा, बाल मनोविज्ञान सम्बन्धी ज्ञानप्रतिको धारणा, प्रभावकारी प्रस्तुतीकरण प्रतिको धारणा, बालबालिकाहरूलाई विद्यालयमा पढ्ने वातावरण सृजना गर्न सक्ने क्षमता सम्बन्धि धारणा, नियमितता र सहनशिलता प्रतिको धारणा, समस्या समाधान गर्न सक्ने क्षमता र सामाजिकीकरण गर्न सक्ने क्षमता जस्ता धारणाहरू बुझ्नका लागि महिला सरोकारवालाहरूको महिला शिक्षकहरूप्रतिको धारणा पत्ता लगाउनका लागि महिला शिक्षकहरूको व्यवहारलाई व्यक्तिगत, पेशागत र विद्यार्थीसँग गर्ने व्यवहार गरी तीन भागमा वर्गीकरण गरी निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ व्यक्तिगत व्यवहारप्रतिको धारणा

महिला शिक्षकहरूको व्यक्तिगत व्यवहार भन्नाले महिला शिक्षकको सहनशिलता,संयमितता, समस्या समाधान गर्न सक्ने क्षमता र सामाजिकीकरण गर्न सक्ने क्षमता भन्ने बुझिन्छ ।

महिला शिक्षकका उक्त व्यवहार तथा क्षमता प्रति सरोकारवालाहरूको धारणालाई तल दिइएको छ ।

### ४.२.१.१ सहनशिलता र संयमिततताप्रतिको धारणा

महिला शिक्षकको सहनशिलता र संयमिततताप्रति सरोकारवालाहरूको धारणा बुझ्नका लागि प्रश्नावली (मतावली) को आधारमा मत सङ्कलन गरी निम्न शीर्षकमा प्रस्तुत गरिएको छः

**तालिका-७ः सहनशिलता र संयमिततताप्रतिको धारणा**

| क्र.सं. | सरोकारवालाहरू | उत्तरदाता | सहमत | असहमत |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापकहरू | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स.महिला प्रतिनिधिहरू | ३ | ३(६६.६) | १(३३.३) |
| ३ | अभिभावकहरू | ९ | ७(७७.७) | २(२२.२) |
| ४ | विद्यार्थीहरू | १२ | १०(८३.३) | २(१६.६) |
| | जम्मा | २७ | २१(७७.७) | ५(१८.५) |

(कोष्ठकको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिकामा महिला शिक्षकहरूको सहनशिलता र संयमितता प्रतिको सरोकारवालाहरूको धारणा सकारात्मक देखिएको छ । उक्त धारणामा ६६.६ प्रतिशत प्र.अ. हरूसहमत भए भने ३३.३ प्रतिशत असहमत भए । ७७.७ प्रतिशत अभिभावकहरूले सकारात्मक धारणा व्यक्त गरे भने २२.२ प्रतिशतले नकारात्मक धारणा व्यक्त गरे । त्यस्तै ८३.३ प्रतिशत विद्यार्थीहरूको सकारात्मक धारणा पाइयो भने १६.६ प्रतिशतले नकारात्मक धारणा पाइयो ।

यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा महिला शिक्षकहरू सहनशिल हुन्छन् भन्ने धारणामा ७७.७ प्रतिशत सकारात्मक धारणा पाइएकोले उनीहरू आफ्नो कार्यप्रति संयमित पूर्वक लागिरहन्छन् भन्ने कुरा पुष्टि हुन्छ । महिला शिक्षकहरूको व्यवहारप्रति सरोकारवालाहरू बढि सकारात्मक हुनुले उनीहरूको कार्यप्रति सन्तुष्टि लिनु हो भन्ने बुझिन्छ ।

### ४.२.१.२ समस्या समाधान गर्न सक्ने क्षमता सम्बन्धि धारणा

महिला शिक्षककहरूको समस्या समाधान गर्न सक्ने क्षमता प्रति सरोकारवालाहरूको धारणा बुझ्नका लागि प्रश्नावली (मतावली) निर्माण गरिएको थियो । उक्त प्रश्नमा प्राप्त धारणा तालिकामा देखाइएको छ ।

**तालिका-८ : महिला शिक्षकको समस्या समाधान गर्नसक्ने क्षमताप्रतिको धारणा**

| क्र.सं. | सरोकारवालाहरू | संख्या | सहमत% | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | १(३३.३) | २(६६.६) |
| २ | वि.व्या.स.महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ६(६६.६) | ३(३३.३) |
| ४ | विद्यार्थी | १२ | ७(५८.३) | ५(४१.६) |
| | जम्मा | २७ | १६(५९.२) | ११(४०.७) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार महिला शिक्षकहरूको समस्या समाधान गर्न सक्ने क्षमतामा वि.व्य.स.महिला सदस्य, अभिभावक, विद्यार्थीहरूको धारणा सकारात्मक देखिएको छ भने प्रधानाध्यापकको धारणा नकारात्मक पाइयो । उक्त कुरामा सहमत हुने वि.व्य.स. महिला प्रतिनिधि ६६.६ प्रतिशत भएको पाइयो भने असहमत हुने ३३.३ प्रतिशत छन् । अभिभावकहरू ६६.६ प्रतिशत सहमत पाइयो भने ३३.३ प्रतिशत असहमत भएको पाइयो । विद्यार्थीहरू ५८.३ प्रतिशत सहमत भए भने ४१.६ प्रतिशत असहमत भए । प्र.अ. हरू ३३.३ प्रतिशत सहमत भए भने ६६.६ प्रतिशत असहमत भएको पाइयो ।

यसरी तथ्याङ्कलाई विश्लेषण गर्दा समस्या समाधान गर्न सक्ने क्षमताप्रति विद्यालयका प्रधानाध्यापकहरूको नकारात्मक धारणा आउनु प्र.अ. ले नै विद्यालयमा महिला शिक्षकहरूलाई आवश्यक परामर्श, निर्देशन र अधिकार नदिएको हो । प्रधानाध्यापकले लैङ्गिक समानता स्थापना गर्न आवश्यक पहल नगरेको र महिला शिक्षकहरू पनि अवसर प्राप्तिमा जागरूक नभएको कारण पछि परेका छन् । महिला शिक्षकहरूले समस्या समाधान गर्नसक्ने क्षमताको विकास गर्न आवश्यक परामर्श र हिम्मतको आवश्यक छ ।

### ४.२.१.३ सामाजिकीकरण गर्नसक्ने क्षमता प्रतिको धारणा :

सामाजिकीकरण भनेको समाजसँग घुलमिल गर्नसक्ने क्षमता,घरपरिवारसँग घुलमिल गर्नसक्ने क्षमता,विद्यार्थी र अन्य व्यक्तिहरूसँग घुलमिल गर्न सक्ने क्षमता, साथिसंगिबीच घर परिवार,समाज र राष्ट्रका कुनै पनि नागरिक बीच घुलमिल गर्नसक्ने भन्ने बुझिन्छ । महिला शिक्षकहरूको सामाजिकीकरण गर्न सक्ने क्षमता पत्ता लगाउन सरोकारवालाहरूसँग गरिएको प्रश्नावली (मतावली) बाट प्राप्त धारणा तल प्रस्तुत गरिएको छ :

**तालिका -९ : सामाजिकीकरण गर्न सक्ने क्षमता सम्बन्धि धारणा**

| क्र.सं. | सरोकारवालाहरू | संख्या | सहमत % | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स. महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ७(७७.७) | २(२२.२) |
| ४ | विद्यार्थी | १२ | ७(५८.३) | ५(४१.६) |
| | जम्मा | २७ | १८(६६.६) | ९(३३.३) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

यसरी माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा महिला शिक्षकहरू समाजका विभिन्न व्यक्तिहरूसँग घुलमिल हुन,समाजबाट विद्यालयहरूमा हुने सहयोगका कामहरू वृद्धि गर्न समाजका सम्पूर्ण पक्षहरूसँग एउटा मानविय सम्बन्ध स्थापित गर्न प्रशासन र समुदायबीच राम्रो सम्बन्ध स्थापित गरी शिक्षाको प्रभावकारी र गुणस्तरीयता कायम राख्न सफल छन् भन्ने कुरा पुष्टि हुन्छ ।

### ४.२.२ पेशागत व्यवहार प्रतिको धारणा

यहाँ महिला शिक्षकहरूको पेशागत व्यवहार भन्नाले महिला शिक्षकको शिक्षण अनुभव, व्यवहार, विषयवस्तुको प्रस्तुतीकरण भन्ने बुझिन्छ । महिला शिक्षकहरूको पेशागत व्यवहार प्रति सरोकारवालाहरूको धारणा पत्ता लगाउन गरिएको प्रश्नावली (मतावली) बाट प्राप्त तथ्याङ्कलाई तालिकामा दिइएको छ ।

**तालिका-१०: महिला शिक्षकहरूको शिक्षण अनुभव र व्यवहारप्रति सरोकारवालाहरूको धारणा**

| क्र.सं. | सरोकारवालाहरू | संख्या | सहमत % | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स. महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ६(६६.६) | ३(३३.३) |
| ४ | विद्यार्थी | १२ | ७(५८.३) | ५(४१.६) |
| | जम्मा | २७ | १७(६२.९) | १०(३७) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार महिला शिक्षकहरूको शिक्षण अनुभव व्यवहारप्रति ६६.६ प्रतिशत प्रधानाध्यापक सहमत भएको पाइयो भने ३३.३ प्रतिशत प्रधानाध्यापक असहमत भएको पाइयो । ६६.६ प्रतिशत वि.व्य.स. महिला प्रतिनिधि सहमत भएको पाइयो भने ३३.३ प्रतिशत असहमत भएको पाइयो । ६६.६ प्रतिशत अभिभावक सहमत भए भने ३३.३ प्रतिशत असहमत भएको पाइयो । त्यस्तै ६२.९ प्रतिशत विद्यार्थीहरू सहमत भएको पाइयो भने ३७ प्रतिशत विद्यार्थीहरू असहमत भएको पाइयो ।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा धेरै व्यक्तिहरूबाट महिला शिक्षकहरू व्यवहारिक र अनुभवी हुन्छन् भन्ने कुरामा सहमत भएकाले सरोकारवालाहरूको उनीहरूको व्यवहारप्रति सकारात्मक छन् । विद्यालय भित्र र समाजमा महिला शिक्षकहरूले गरेको व्यवहारले विद्यालयको र समाजको उन्नति र प्रगतिमा टेवा पुगेको छ ।

### ४.२.२.१ विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरण प्रतिको धारणा

विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरणबाट पेशागत दक्षताको अध्ययन गर्न सकिने भएकाले विद्यालयमा कार्यरत महिला शिक्षकहरूको विषयवस्तुको प्रस्तुतीकरण पुरुष शिक्षकको तुलनामा बढि प्रभावकारी छ भन्ने भनाइमा गरिएको सरोकारवालाहरूलाई गरिएको प्रश्नावली (मतावली) बाट प्राप्त तथ्याङ्कलाई तालिकामा देखाइएको छ ।

**तालिका-११: विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरण प्रतिको धारण**

| क्र.सं. | सरोकारवालाहरू | संख्या | सहमत% | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स. महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ३(३३.३) | ६(६६.६) |
| ४ | विद्यार्थीहरू | १२ | ५(४१.६) | ७(५८.३) |
| | जम्मा | २७ | १२(४४.४) | १५(५५.५) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार महिला शिक्षकहरूको विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरण प्रतिको धारणामा प्रधानाध्यापक ६६.६ प्रतिशत सहमत भए भने ३३.३ प्रतिशत असहमत भए । ६६.६ प्रतिशत वि.व्य.स. महिलाा सदस्यहरू सहमत भए भने ३३.३ प्रतिशत असहमत भएको पाइयो । अभिभावकहरू ३३.३ प्रतिशत सहमत भए भने ६६.६ प्रतिशत असहमत भएको पाइयो । त्यस्तै ४१.६ प्रतिशत विद्यार्थीहरू सहमत भएको पाइयो भने ५८.३ प्रतिशत विद्यार्थीहरू असहमत भएको पाइयो ।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न महिला शिक्षकहरू असहमर्थ भएको पाइयो । विषयवस्तुको गहन अध्ययनको कमि, उच्च शिक्षाको अभाव र प्रयाप्त शिक्षण सामग्रीको अभावको कारणले विषयवस्तुलाई प्रभावकारी प्रस्तुतीकरण गर्न नसकेको हो ।

### ४.२.२.२ विद्यार्थीसँग गर्ने व्यवहारप्रतिको धारणा

विद्यार्थीहरूसँग गर्ने व्यवहार भन्नाले महिला शिक्षकहरूको बालबालिकाको भावना बुझ्न् सक्ने क्षमता र बालबालिकालाई विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने वातावरणको सृजना भन्ने बुझिन्छ । विद्यार्थीहरू महिला शिक्षकहरूसँग बढी नजिक हुने, आमासँग जस्तो व्यवहार गर्ने भएकोले सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सजिलो हुन्छ ।

### ४.२.२.३ बालबालिकाको भावना बुझ्ने क्षमताप्रतिको धारणा

महिला शिक्षकहरूले पुरुष शिक्षकको तुलनामा बालबालिकाको भावना बुझ्न सक्छन् भन्ने भनाइप्रति सामुदायिक विद्यालयका सरोकारवालाहरूको धारणा बुझ्न गरिएको प्रश्नावली (मतावली) बाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रष्ट पारिएको छ।

**तालिका-१२ः बालबालिकाको भावना बुझ्ने क्षमताप्रतिको धारणा**

| क. सं. | सरोकारवालाहरू | संख्या | सहमत % | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यपक | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स. महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ८(८८.८) | १(११.१) |
| ४ | विद्यार्थी | १२ | १०(८३.३) | २(१६.६) |
| | जम्मा | २७ | २२(८१.४) | ५(१८.५) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ।)

माथिको तालिका अनुसार महिला शिक्षकहरूको बालबालिकाको भावना बुझ्ने क्षमता प्रति ८८.८ प्रतिशत अभिभावकहरू सहमत भएको पाइयो भने ११.१ प्रतिशत अभिभावक असहमत भएको पाइयो। ६६.६ प्रतिशत प्रधानाध्यापक सहमत भएको पाइयो भने ३३.३ प्रतिशत प्रधानाध्यापक असहमत भएको पाइयो। महिला शिक्षकको बालबालिकाको भावना बुझ्ने क्षमताप्रति वि.व्य.स.महिला प्रतिनिधिहरू १०० प्रतिशत नै सहमत भएको पाइयो। ८३.३ प्रतिशत विद्यार्थीहरूले सहमत जनाए भने १६.६ प्रतिशत विद्यार्थीहरूले असहमत जनाएको पाइयो।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा महिला शिक्षकहरू बालबालिकाहरूको भावना बुझ्न सक्षम हुन्छन् भन्ने धारणामा ८१.४ प्रतिशत सरोकारवालाहरू सहमत भएकोले यो सकारात्मक भएको पाइयो। महिला शिक्षकहरूको बालबालिकासँग घुलमिल हुन सक्ने, महिला शिक्षकहरूलाई विद्यार्थीहरूले आमासँग जस्तो व्यवहार गर्ने, आफ्नो मनको कुरा स्पष्टसँग राख्न सक्ने भएकाले दोहोरो सञ्चार हुन्छ। यसकारण बालबालिकाहरू उत्साहित भई शिक्षण सिकाइ क्रियाकलापमा क्रियाशिल हुन्छन्।

### ४.२.२.४ बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न प्रेरित गर्ने वातावरणप्रतिको धारणा

"बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि महिला शिक्षकहरूले अभिभावकहरूलाई पुरुष शिक्षकले भन्दा बढी मात्रामा प्रेरित गर्दछन्" भन्ने धारणामा गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्क तालिकामा देखाइएको छ ।

**तालिका-१३: बालबालिकालाई विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने वातावरण प्रतिको धारणा**

| क्र.सं. | सरोकारवालाहरू | संख्या | सहमत % | असहमत % |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ३ | २(६६.६) | १(३३.३) |
| २ | वि.व्य.स.महिला प्रतिनिधि | ३ | २(६६.६) | १(३३.३) |
| ३ | अभिभावक | ९ | ८(८८.८) | १(११.१) |
| ४ | विद्यार्थी | १२ | ७(५८.३) | ५(४१.६) |
| | जम्मा | २७ | १९(७०.३) | ८(२९.६) |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

विद्यालय उमेरका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालय पहुँच भित्र पुऱ्याउने नेपाल सरकारको राष्ट्रिय शैक्षिक नीति अनुरूप विभिन्न कार्यक्रम संचालन भई राखेका छन् । बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि अभिभावकहरूलाई महिला शिक्षकहरूले बढी प्रेरित गर्दछन् भन्ने धारणामा ६६.६ प्रतिशत वि.व्य.स. महिला प्रतिनिधिहरूले सहमत जनाए भने ३३.३ प्रतिशत महिला प्रतिनिधिहरूले असहमत जनाएको पाइयो । अभिभावकहरू ८८.८ प्रतिशतले सहमत जनाए भने ११.१ प्रतिशतले असहमत जनाए । ६६.६ प्रतिशत प्रधानाध्यापकहरूले सहमत जनाए भने ३३.३ प्रतिशतले असहमत जनाएको पाइयो । त्यस्तै ५८.३ प्रतिशत विद्यार्थीले सहमत जनाए भने ४१.६ प्रतिशत विद्यार्थीहरूले असहमत जनाएको पाइयो ।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा ७०.३ प्रतिशत सरोकारवालाहरूको उक्त धारणाप्रति सकारात्मक प्रतिक्रिया पाइएकाले महिला शिक्षकहरू समाजमा रहेका अशिक्षित अभिभावकहरूका घरदैलोमा पुगी छोराछोरीहरूलाई विद्यालय पठाउनुपर्छ भन्ने धारणा बसाली अभिभावकहरूसँग प्रत्यक्ष सम्पर्क र सम्वन्ध स्थापित गरी शिक्षाको महत्वलाई सजिलै बुझाउन र अभिभावकहरूलाई प्रेरणा प्रदान गरी विश्वासिलो आधार तयार पार्दै

विद्यालय भर्ना अभियानलाई सफल बनाउन सकारात्मक कदम चाल्न सफल भएका छन् । यसो हुनुको प्रमुख श्रेय महिला शिक्षकहरूको अभिभावहरूसँगको प्रत्यक्ष मानविय सम्बन्धले गर्दा नै हो ।

### ४.३ महिला शिक्षकहरूको शिक्षण पेशासँग सम्बन्धित समस्या

सामुदायिक विद्यालयका महिला शिक्षकहरूका पेशागत समस्याहरू पत्ता लगाउनका लागि सिन्धुपाल्चोक जिल्लाको चौतारा गा.वि.स. का सातवटा विद्यालय मध्य तीनवटा विद्यालयका प्रा.वि. तहका ६ जना महिला शिक्षकहरू, ३ जना प्रधानाध्यापकहरू, ३ जना वि.व्य.स. महिला प्रतिनिधि ९ जना अभिभावकहरू र १२ जना विद्यार्थीहरूमा गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त सूचनालाई व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.३.१ शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरू

महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउँदा शिक्षण सिकाइ क्रियाकलापहरूसँग सम्बन्धित समस्याहरू पत्ता लगाउँन गरिएको अध्ययनबाट प्राप्त जानकारी अनुसार विद्यालयमा शैक्षिक सामग्रीको अभाव,विषयवस्तुको पूर्व तयारी गर्दा उत्पन्न हुने समस्या र उच्च शिक्षा र तालिमको अभाव जस्ता कुराहरू ३ जना प्र.अ., ६ जना महिला शिक्षक, ३ जना वि.व्य.स. महिला प्रतिनिधि र अभिभावकहरूमा गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त सूचनालाई तालिकामा देखाइएको छ ।

**तालिका-१४: शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरू**

| क.स. | समस्याहरू : | उत्तरदाताहरू | | | |
|---|---|---|---|---|---|
| | | प्र.अ ३ | वि.व्य.स. महिला प्रतिनिधि ३ | महिला शिक्षक ६ | अभिभावकहरू ९ |
| १ | शैक्षिक सामग्रीको अभाव | २ (६६.६) | २ (६६.६) | ५ (८३.३) | ५ (५५.५) |
| २ | विषयवस्तुको पूर्व तयारी गर्दा उत्पन्न हुने समस्या | २ (६६.६) | | ४ (६६.६) | ३ (३३.३) |
| ३ | उच्च शिक्षा र तालिमको अभाव | २ (६६.६) | १ (३३.३) | ३ (५०) | ६ (६६.६) |

महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउदा शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित समस्याहरू पत्ता लगाउन गरिएको अध्ययनबाट प्राप्त जानकारी अनुसार विद्यालयमा शैक्षिक सामग्रीको अभाव भएर प्रमुख समस्या छ भन्ने प्रधानाध्यापकहरू ६६.६ प्रतिशत, ६६.६ प्रतिशत वि.व्य.स. महिला प्रतिनिधिहरू, ८३.३ महिला शिक्षकहरू र ५५.५ प्रतिशत अभिभावकहरू पाइए । यसैगरी विषयवस्तुको पूर्व तयारी गर्दा उत्पन्न हुने समस्यामा ६६.६ प्रतिशत प्रधानाध्यापक, सहमत भए भने वि.व्य.स. महिला प्रतिनिधिहरूले कुनै मत जाहेर गरेनन् । महिला शिक्षकहरू ६६.६ प्रतिशत उक्त भनाइप्रति सहमत भए भने ३३.३ प्रतिशत अभिभावकहरू पनि सहमत भएको पाइयो । महिला शिक्षकहरूको उच्च शिक्षा र तालिमको अभावले शिक्षण सिकाइ क्रियाकलापमा समस्या छ भन्ने प्र.अ. ६६.६ प्रतिशत,वि.व्य.स. महिला प्रतिनिधि ३३.३ प्रतिशत, महिला शिक्षकहरू ५० प्रतिशत र अभिभावकहरू ६६.६ प्रतिशत सहमत भएको पाइयो ।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित यी समस्याहरूलाई अलग-अलग उपशीर्षक बनाई विश्लेषण गरिएको छ ।

### ४.३.२ शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा समस्या

शिक्षण सिकाइका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न के-के समस्याहरू छन् त ? भनि महिला शिक्षक र प्रधानाध्यापकहरूलाई मात्र गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त तथ्याङ्क तालिकामा देखाइएको छ ।

**तालिका-१५: शैक्षिक सामग्री निर्माण र प्रयोगमा समस्या**

| क्र.सं. | समस्याहरू | महिला शिक्षक | प्र.अ. |
|---|---|---|---|
| १ | सामग्री बनाउन कठिनाई | ३ (५०) | १(३३.३) |
| २ | आर्थिक अभाव | २ (३३.३) | १ (३३.३) |
| ३ | प्रस्तुतीकरणमा समय बढी लाग्ने | १ (१६.६) | १(३३.३) |
| | जम्मा | ६ | ३ |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिकाबाट महिला शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग गर्दा हुने समस्याहरूका बारेमा प्राप्त तथ्याङ्कलाई देखाइएको छ । जसमा सामग्री बनाउन कठिनाइमा ३(५०)

प्रतिशत महिला शिक्षकहरू र ३३.३ प्रतिशत प्र.अ. पाइयो । आर्थिक अभाव भन्नेमा २(३३.३) महिला शिक्षकहरू पाइयो भने १(३३.३) प्रतिशत प्र.अ. पाइयो भने प्रस्तुतीकरणमा समय बढी लाग्ने समस्यामा १ जना १६.६ प्रतिशत महिला शिक्षक र १ जना ३३.३ प्रतिशत प्र.अ. पाइयो ।

यसरी शैक्षिक सामग्री निर्माण गरी अध्यापन गर्ने गरेको कम पाइयो । विद्यालयमा भएका चार्ट, नक्सा र अन्य सामग्रीको मात्र प्रयोग भएको पाइयो भने स्थानीय रूपमा प्रयोग हुने सामग्रीहरूलाई प्रयोगमा ल्याई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । शैक्षिक सामग्री खरिद गर्न आर्थिक अभाव हुने भएकाले र शैक्षिक सामग्री प्रस्तुतीकरण गरी अध्यापन गर्न धेरै समय लाग्ने भएकाले पनि महिला शिक्षकहरूले परम्परागत शैलिमा अध्यापन गरेको देखिनन्छ । महिला शिक्षकहरूले शिक्षण पेशा अपनाउदा आइपरेका समस्याहरू उनीहरूले सम्बन्धित निकायमा राख्न नसकेको प्रशासनसँग डर र त्रास रहेकोले प्रशासनदेखि सम्पूर्ण निकायसँग मानव सम्बन्ध कायम गर्नुपर्ने देखिन्छ ।

### ४.३.३ पूर्व तयारी गर्दा उत्पन्न हुने समस्याहरू

महिला शिक्षकहरूका पेशागत समस्याहरू पत्ता लगाउन विभिन्न पक्षमा आधारित रहेर उनीहरूलाई पेशागत समस्याहरू पत्ता लगाइएको थियो,जसमध्ये महिला शिक्षकहरू कक्षाकोठामा जानु पूर्व गरिने विषयवस्तुको पूर्व तयारी गर्दा कस्ता समस्याहरू उत्पन्न हुन्छन् त भन्ने प्रश्नमा प्रश्नावली निर्माण गरी विद्यालयका ६ जना महिला शिक्षकहरू र ३ जना प्र.अ. सँग अन्तर्वार्ता प्रश्नावली लिएको थियो । जसबाट प्राप्त तथ्याङ्कलाई तालिकामा देखाइएको छः

**तालिका-१६ः पूर्व तयारीका समस्याहरू**

| क्र.सं. | समस्याहरू | महिला शिक्षकहरू | प्रधानाध्यापकहरू |
|---|---|---|---|
| १ | समयको अभाव | ३(५०) | १(३३.३) |
| २ | शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अभाव | २(३३.३) | १(३३.३) |
| ३ | वातावरणीय बाधाहरू | १(१६.६) | १(३३.३) |
| | जम्मा | ६ | ३ |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार सबभन्दा धेरै महिला शिक्षकहरूमा समयको अभावका कारण कक्षाकोठामा जानु अघि गरिने पूर्व तयारीमा समस्या उत्पन्न भएको पाइयो । उनीहरूका अनुसार आफुले पढाउने पिरियडहरू लगातार हुने र पिरियडहरू बीचमा कुनै पनि घन्टि लिजर भएन भने पूर्व तयारीमा समस्या उत्पन्न हुन्छ भन्ने महिला शिक्षकहरूको संख्या ३ जना अथवा ५०% र प्र.अ. को संख्या १ जना ३३.३% छ । सन्दर्भ सामग्री अथवा सँधै पूर्व तयारी गर्नका लागि विषयवस्तुसँग मिल्दो जुल्दो सामग्रीको अभाव हुने गरेको बताउने महिला शिक्षक ३ जना ३३.३% र प्र.अ. १ जना ३३.३%  छन् । त्यसै गरी वातावरणीय तत्वहरूको प्रभावको समस्या परेको बताउने महिला शिक्षक १ जना १६.६% र प्र.अ. १ जना ३३.३% पाइयो ।

महिला शिक्षकहरूको शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित समस्याहरू विश्लेषण गर्दा सामग्री बनाउन कठिनाइमा ५०% ,आर्थिक अभावको कारणबाट हुने समस्यामा ३३.३% र प्रस्तुतीकरणमा बढी समय लाग्नेमा १६.६% पाइयो भने पूर्व तयारी गर्दा उत्पन्न हुने समस्यामा समयको अभावमा ५०%, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अभावमा ३३.३% र वातावरणीय बाधाहरू भन्नेमा १६.६% महिला शिक्षकहरूको धारणा पाइयो । यसरी महिला शिक्षकहरूलाई घरायसी कामको लोड र विद्यालयमा दरवन्दि कम भइ बढि पिरियड अध्यापन गर्नुपर्ने भएकाले पर्याप्त समयको अभाव भइ आफुले अध्यापन गराउने विषयवस्तुको पूर्व तयारी गर्न समस्या उत्पन्न भएको हो । महिला शिक्षकहरूले सम्बन्धित पक्षहरूसँग मानविय सम्बन्ध स्थापित गरी आफुले गर्नुपर्ने काममा अरूको सहयोग लिइ आफ्नो कार्यव्यस्ततालाई कम गरी पर्याप्त समय शिक्षण सिकाइ क्रियाकलापमा लगाउनुपर्ने देखिन्छ ।

### ४.३.४ उच्च शिक्षा र तालिमको अभाव

अध्ययनको क्रममा परेका ५०% महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यूनतम एस.एल.सी. मात्र भएको र ६६% प्रतिशत महिला शिक्षकहरू तालिम अप्राप्त भएको कारणले शिक्षण सिकाइ क्रियाकलापमा के समस्या उत्पन्न भएको छ ? भनि गरिएको अध्ययनबाट प्राप्त सूचनालाई तालिकामा देखाइएको छ ।

### तालिका-१७: उच्च शिक्षा र तालिमको अभाव

| क्र.सं. | समस्याहरू | महिला शिक्षकहरू | प्रधानाध्यापक |
|---|---|---|---|
| १ | पाठ्यक्रम र पाठ्यपुस्तकमा आएको परिवर्तन | ३(५०) | १(३३.३) |
| २ | नयाँ-नयाँ जानकारी दिई अध्यापन गर्न नसकिएको | २(३३.३) | १(३३.३) |
| ३ | नयाँ शिक्षण विधिको प्रयोग गर्न नसकिएको | १(१६.६) | १(३३.३) |
| | जम्मा | ६ | ३ |

(कोष्ठकमा दिइएको संख्याले प्रतिशत जनाउँछ ।)

माथिको तालिका अनुसार विद्यालय तहमा नयाँ फेरिने पाठ्यपुस्तकहरूमा नयाँ कुरा समावेस भइ आउने र ती कुराहरू अध्यापन गर्न कठिनाइ हुने भएकाले प्रमुख समस्या छ भन्ने महिला शिक्षकहरू ५०% र प्र.अ. ३३.३ प्रतिशत पाइयो । विद्यार्थीहरूले नविनतम ज्ञान र जानकारी हासिल गर्न खोज्ने तर आफुहरूले उक्त ज्ञान दिन नसक्ने भन्नेमा ३३.३% महिला शिक्षकहरू र ३३.३% प्र.अ. पाइयो भने प्रभाकारी शिक्षणका लागि नयाँ विधिहरूको प्रयोग गर्न नसकिएकोले समस्या छ भन्नेमा १६.६% महिला शिक्षक र ३३.३% प्र.अ. रहेको पाइयो ।

यसरी समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा ५०% महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यून भएकाले र तालिमको अभावले विद्यार्थीहरूमा प्रभावकारी र गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको देखियो । पुरानो पाठ्यक्रम अध्ययन गरेका शिक्षकहरूलाई नयाँ पाठ्यक्रम गाह्रो भएकोले विद्यार्थीहरूलाई राम्रोसँग बुझाउन नसकेर समस्या उत्पन्न भएको हो । यसै गरी परम्परागत शिक्षण प्रविधि अपनाइ शिक्षण गर्दा पनि वर्तमान युगले खोजेको जस्तो शिक्षा दिन नसकिएको हो ।

# परिच्छेद-पाँच

# प्राप्तिहरू, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएको तथ्याङ्कको विश्लेषण एवम् व्याख्याबाट प्राप्त जानकारीका आधारमा प्राप्तिको सूचि तयार गरी सोको आधारमा निष्कर्ष र सुझाव दिने काम गरिएको छ ।

## ५.१ प्राप्तिहरू

अध्ययनको क्रममा अनुसन्धानकर्ताले प्राप्त गरेका तथ्याङ्कको सङ्कलन, व्याख्या एवम् विश्लेषणबाट प्राप्त भएका जानकारीहरू प्राप्तिहरू हुन् । ती प्राप्तिहरू निम्नलिखित छन् :

सामुदायिक विद्यालयहरूमा अध्यापनरत ५० प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता मात्र एस.एल.सी. उत्तीर्ण पाइयो । शिक्षण पेशा अँगालेका ५० प्रतिशत महिला शिक्षकहरू अस्थायी,राहत र नीजिस्रोतमा रहेको र १० वर्ष भन्दा कम शिक्षण अनुभव भएको पाइयो । ३४ प्रतिशत महिला शिक्षकहरू तालिम प्राप्त भएको पाइयो भने ६६ प्रतिशत महिला शिक्षकहरू विभिन्न कारणहरूले अझै सम्म पनि तालिम अप्राप्त रहेको पाइयो ।

लामो समयसम्म अस्थायी वा निजी स्रोतमा कार्यरत महिला शिक्षकहरूको पेशाको ग्यारेण्टी नभएकोले कामप्रति उत्साह र जाँगर कम भएको, स्थायी र अस्थायी बीचको भेदभावले शिक्षण सिकाइ क्रियाकलापमा बाधा पुगेको पाइयो । महिला शिक्षकहरूलाई शिक्षण पेशा अंगाल्नको लागि प्रेरणाको स्रोत बाबु र श्रीमान ३३.३ प्रतिशत पाइयो भने आाफ्नो गुरु र आफै बाट शिक्षण पेशामा लाग्न सफल महिला शिक्षक १६.६ प्रतिशत पाइयो । अधिकांश महिला शिक्षकहरू शिक्षण पेशाप्रति सकारात्मक भएको पाइयो ।

महिला शिक्षकहरूको व्यक्तिगत व्यवहारमा महिला शिक्षकहरू सहनशीलता र संयमीत प्रकृतिका हुन्छन् उनीहरूमा धैर्य गर्ने क्षमता शाान्त स्वभाव हुन्छन् भन्नेमा प्रधानाध्यापक, वि.व्य.स. महिला प्रतिनिधि, अभिभावक र विद्यार्थीहरू पूर्णरूपमा सहमत भएको पाइयो ।

महिला शिक्षकहरू समस्या समाधान गर्न सक्ने क्षमता सम्बन्धि धारणामा प्रति वि.व्य.स. महिला प्रतिनिधि र अभिभावक सहमत र प्रधानाध्यापक विद्यार्थी केहिमात्रमा सहमत भएकोले मिश्रित परिणाम प्राप्त भयो ।

महिला शिक्षकहरू समाजमा घुलमिल हुन सामाजिक गतिविधिमा सरिक हुन र विद्यालय र समुदाय बीचको सम्बन्ध सुमधुर बनाउन सक्षम हुन्छन् भन्ने धारणा प्रति सरोकारवालाहरूको सकारात्मक धारणा पाइयो ।

कक्षाकोठामा विषयवस्तुको प्रभावकारी प्रस्तुतिकरण गरी विद्यार्थीहरूलाई सजिलो हुने गरी विषयवस्तु बुझाउने क्षमतामा भने महिला शिक्षकहरूप्रति अभिभावक र विद्यार्थीहरू पूर्ण रूपमा सहमत भएको पाइएन । विषयवस्तुको गहिरो अध्ययनको अभाव र नयाँ शिक्षण विधि प्रयोग गर्न कठिन हुनुले यो समस्या देखा परेको पाइयो ।

महिला शिक्षकहरूले विद्यार्थीहरूसँग गर्ने व्यवहारमा उनीहरूले बालबालिकाहरूको भावना बुझ्न सक्छन् विद्यार्थीहरूले पनि आफ्ना भावना र चाहनाहरू सजिलै महिला शिक्षकहरूसँग राख्न सक्छन् भन्ने धारणा प्रति सरोकारवालाहरू सबैको सकारात्मक धारणा प्राप्त भयो भने बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न प्रेरित गर्ने वातावरण प्रति पनि सरोकारवाला सबै पूर्ण सहमत भएको पाइयो । यसरी महिला शिक्षकहरू प्रति सरोकारवालाहरूको सकारात्मक धारणा पाइयो ।

महिला शिक्षकहरूको शिक्षण सिकाइसँग सम्बन्धि प्रमुख समस्या विद्यालयहरूमा शैक्षिक सामग्रीको अभाव हुँदा अध्ययन गर्न कठिन भएको पाइयो । विद्यार्थीहरूलाई प्रभावकारी शिक्षण गर्न नसकिएको स्थानीय रूपमा आफै शैक्षिक सामग्रीहरूको निमार्ण गर्न समयको अभाव, आर्थिक र प्रस्तुत गर्न बढि समय लाग्ने जस्ता समस्याहरू रहेको पाइयो ।

आफुले अध्यापन गराउने विषयवस्तुको पूर्व तयारी गरी पाठयोजना निमार्ण गरी अध्यापन नगराइएको पाइयो । पूर्व तयारीका लागि घरायसी काम र विद्यालयमा लगातार पिरियड भएकाले समयको अभाव, सन्दर्भ सामग्रीहरू, शिक्षक निर्देशिकाहरूको पनि विद्यालयमा अभाव भएको पाइयो ।

५० प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यूनतम भएकाले पाठ्यक्रम, पाठ्यपुस्तकहरूमा हुने परिवर्तनले अध्यापन गर्न कठिन भएको पाइयो । तालिम अप्राप्त

शिक्षकहरूलाई शिक्षणका नयाँ विधिहरूको बारेमा जानकारी नहुँदा विद्यार्थीहरूलाई बुझाउने शैली फरक पर्न गइ शिक्षण सिकाइ क्रियाकलापमा समस्या उत्पन्न भएको पाइयो ।

सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्री प्रयाप्त नहुँदा शिक्षण सिकाइ क्रियाकलापमा प्रमुख समस्या रहेकाले प्रत्येक विद्यालयहरूले प्रयाप्त शैक्षिक सामग्रीहरूको व्यवस्था गरी अधिकतम प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने सरोकारवालाहरूको धारणा पाइयो ।

महिला शिक्षकहरूले आफुले अध्यापन गर्ने विषयवस्तुको पूर्व तयारी गर्न नपाउदा प्रभावकारी शिक्षण हुन नसकेकाले उनीहरूको पिरियड भार घटाइ अधिकतम समय विद्यालय प्रशासनले प्रदान गरिदिनपर्ने जसबाट उनीहरूले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी प्रस्तुत गर्न सक्ने धारणा पाइयो ।

५० प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यूनतम एस.एल.सी. मात्र भएकोले र तालिम अप्राप्त शिक्षकहरू पनि भएकाले उनीहरूलाई पाठ्क्रम पाठ्यपुस्तकमा हुने परिवर्तनसँगै अध्यापन गर्न कठिन भएको साथै नयाँ शिक्षण विधिको बारेमा जानकारी समेत नहुँदा अध्यापन कार्यलाई प्रभावकारी र विद्यार्थी केन्द्रित बनाउन नसकिरहेकोले विद्यालयबाट उच्च शिक्षा र तालिमको लागि व्यवस्था गरिदिनुपर्ने धारणा महिला शिक्षकहरूको पाइयो ।

सामुदायिक विद्यालयहरूमा सम्बन्धित निकायहरूबाट निरिक्षण र अनुगमन लामो समय सम्म नभएकाले पनि आफुहरूलाई पृष्ठपोषणको अभाव रहेको, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन समय समयमा सुपरिवेक्षण भइ रचनात्मक सुझाव र आवश्यक पृष्ठपोषणको खाँचो रहेको पाइयो ।

## ५.२ निष्कर्ष

अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई विश्लेषण गरी प्राप्त भएका प्राप्तिहरूका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययनको क्रममा छनोटमा परेका सामुदायिक विद्यालयमा अध्यापनरत ५० प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता मात्र एस.एल.सी. उत्तीर्ण छन् । ५० प्रतिशत महिला शिक्षकहरू अस्थायी, राहत र निजिस्रोतमा कार्यरत छन् । उनीहरूको पेशाको स्थायीत्वको ग्यारेण्टि छैन । विद्यालयमा अध्यापनरत महिला शिक्षकहरू ६६ प्रतिशत तालिम अप्राप्त छन् त्यसैले नयाँ-नयाँ विधि र प्रविधि

अपनाएर शिक्षण गर्न कठिनाई भएको अवस्था छ । महिला शिक्षकहरूप्रति सरोकारवालाहरू विद्यालयका प्र.अ., वि.व्य.स. महिला प्रतिनिधि,अभिभावक र विद्यार्थीहरूको व्यक्तिगत व्यवहार पेशागत व्यवहारप्रति सकारात्मक धारणा छ । उनीहरू सहनशिल र शान्त प्रवृत्तिका हुन्छन् । समाजमा विभिन्न व्यक्तिहरूसँग सजिलै घुलमिल हुन सक्ने भएकाले विद्यालय सञ्चालनमा सहयोग पुगेको छ । विषयवस्तुको पूर्व तयारीका लागि समयको अभाव शैक्षिक सामग्रीको अभाव र वातावरणीय बाधाहरूले प्रभाव पारेको हुनाले सम्बन्धित निकायले सहज वातावरण बनाउनु आवश्यक छ । उच्च शिक्षाको अभावले थुप्रै नयाँ विषयवस्तुहरू अध्यापन गर्न समस्या रहेको छ । नयाँ शिक्षण विधिको प्रयोग गरी अध्यापन गर्न पनि तालिमको अभाव रहेको छ । सम्बन्धित निकायहरूबाट विद्यालयको निरीक्षण र अनुगमन गरी आवश्यक पृष्ठपोषण प्राप्त नभएकाले पनि महिला शिक्षकहरूलाई समस्या रहेको छ ।

## ५.३ सुझावहरू

स्थलगत अध्ययन र सूचना सङ्कलनको क्रममा पाइएका तथ्य र सूचनाहरूलाई विश्लेषण गर्दा प्राप्त हुने प्राप्ती र निष्कर्षलाई माथि नै उल्लेख गरिसकेको छ । उल्लेखित प्राप्ति र निष्कर्षका आधारमा चौतारा गा.वि.स. का ३ वटा विद्यालयका महिला शिक्षकहरूको अवस्थामा थप सुधार गर्नका निमित्त निम्न सुझाव प्रस्तुत गरिएको छ :

राष्ट्रिय शिक्षा आयोग २०४९ ले सिफारिस गरे अनुसार प्रत्यक प्राथमिक विद्यालयमा एक जना महिला शिक्षकको दरबन्दी अनिवार्य हुनुपर्ने व्यवस्था गरे पनि कतिपय विद्यालयमा अझैसम्म पनि त्यो व्यवस्था नभएको र निजि स्थरमा नै महिला शिक्षक राखिएकोले सरकारले प्रत्येक विद्यालयमा कम्तिमा एक जना महिला शिक्षक नियूक्त अनिवार्य गर्नुपर्दछ ।

५० प्रतिशत महिला शिक्षकहरूको शैक्षिक योग्यता मात्र एस.एल.सी. भएकाले उनीहरूलाई उच्च शिक्षा प्राप्तिको लागि आवश्यक प्रेरणा प्रदान गरी शैक्षिक योग्यता बढाउन लगाउनु पर्दछ । यसका लागि प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावकहरू विद्यालयमा वैकल्पिक व्यवस्था गरी अवसर प्रदान गर्नुपर्दछ । तालिम अप्राप्त महिला शिक्षकहरूलाई पनि तालिम प्रदान गर्ने व्यवस्था मिलाइदिनुपर्दछ ।

लामो समयसम्म अस्थायी, राहत र निजिस्रोतमा कार्यरत महिला शिक्षकहरूलाई प्रकृया पु-याई स्थायी गर्न नेपाल सरकारले आवश्यक कानूनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

विद्यार्थी, विद्यालय र समुदायबीचको सम्बन्धलाई सुमधुर पार्न महिला शिक्षकहरू सक्षम छन् । महिला शिक्षकहरूसँग समस्या समाधान गर्ने सीप र विषयवस्तुको प्रभावकारी प्रस्तुतीकरण गर्न सक्ने क्षमतामा केहि कमजोरी देखिएका छन् । विद्यार्थीहरूसँग गरिने व्यवहार, विद्यार्थीको भावना बुझ्ने, बालबालिकालाई विद्यालय भर्नामा अभिभावकहरूलाई प्रेरित गर्ने कार्यमा महिला शिक्षकहरू सक्षम छन् । बालबालिकाहरूले महिला शिक्षकहरूसँग आफ्नो आमासँग जस्तो व्यवहार गर्ने भएकाले बालबालिकाहरू बढी नजिक हुने र शिक्षण सिकाइ क्रियाकलापमा छिट्टै सक्रिय हुने गर्दछन् । जसले गर्दा विद्यालयमा विद्यार्थी संख्या बढेको छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकमा हुने परिवर्तनले उनीहरूलाई अध्यापन गर्न कठिन भइरहेको छ । विद्यार्थीहरूमा पढ्नपर्दछ भन्ने मानसिकता नभएको र अभिभावकहरूमा पनि शैक्षिक चेतनाको अभावले विद्यार्थीहरूलाई विद्यालयमा नपठाई घरायसी काममा लगाउने र विद्यालय आएका विद्यार्थीहरू पनि टिफिन समयमा नै भागेर जाने भएकाले विद्यार्थीहरूलाई प्रेरित गरी शिक्षण सिकाइ क्रियाकलापमा लगाउन समस्या छ ।

सम्बन्धित निकायहरू (विद्यालय निरिक्षक, स्रोत व्यक्ति) बाट समय-समयमा निरिक्षण नहुँदा र आफुहरूलाई आवश्यक पृष्ठपोषण नहुँदा शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक सुधार गरी गुणस्तरीय शिक्षण गर्न सकेका छैनन् ।

विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले विद्यालयमा प्रयाप्त शैक्षिक सामग्रीको व्यवस्था गरी शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने परिपाटी बसाल्नुपर्दछ । आफैले स्थानीय रूपमा शैक्षिक सामग्री निमार्णको लागि र संख्याको आधारमा विद्यालयहरूमा दरबन्दि थप गरिनुपर्दछ । विभिन्न कारणहरूले रिक्त रहेका शिक्षक दरबन्दिहरूमा पदपुर्ति गरी विद्यालयमा परेको चापलाई कम गर्नुपर्दछ । विद्यालयलाई राजनीति अखडा बनाई बालबालिकाहरूको भविश्य माथि खेलवाड गर्न हुदैन ।

समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोण अझै पनि नकारात्मक भएकाले छोरीलाई विद्यालय पठाउन र उच्च शिक्षाबाट बञ्चित गरेको यथार्थतालाई अन्त्य गर्न समाजका अगुवाहरूले जनचेतना फैलाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गरी शिक्षाको महत्व अशिक्षित जनमानसमा फैलाउनुपर्दछ ।

विद्यालयमा छात्रा भर्नादर बृद्धि गर्न राज्यले छात्राबृद्धि, खाजा र मासिक भत्ता व्यवस्थालाई प्रभावकारी ढंगले कार्यान्वयन गराउनुपर्दछ । छात्राहरूलाई उच्च शिक्षामा गणित, अंग्रेजी र विज्ञान जस्ता विषय पढ्नको लागि प्रेरणा दिने र तल्लो कक्षाबाटै ती विषयहरूमा जग बलियो बनाउन आवश्यक आधार तयार पारिदिनु पर्दछ ।

प्रधानाध्यापकहरूले विद्यालयमा सम्पूर्ण शिक्षक शिक्षिकाहरूसँग राम्रो मानवीय सम्बन्ध स्थापित गर्नुपर्दछ । डर र त्रासको वातावरण अन्त्य गरी पारस्पारिक सहयोग र सद्भाव निर्माण गर्नुपर्दछ । विद्यालयमा हुने सम्पूर्ण गतिविधिहरूमा सम्पूर्ण स्टाफहरूको सहभागिता बृद्धि गर्नुपर्दछ ।

भेदभाव र पक्षपात पूर्ण व्यवहारको अन्त्य गरी राम्रो कामलाई प्रोत्साहन र नराम्रो कामलाई दण्ड दिने व्यवस्था तुरून्तै लागु गर्नुपर्दछ । शैक्षिक संस्थाहरूमा आफ्नो मान्छे भन्दा पनि राम्रो मान्छे राख्न पहल गर्नुपर्दछ । विद्यालय र समुदाय बीचको सम्बन्धलाई घनिष्ट पार्नुपर्दछ । जिम्मेवारीको बाँडफाँड गरी उत्तरदायित्व बहन गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्दछ ।

महिला शिक्षकहरूले आफ्नो अध्ययनशीलतालाई बृद्धि गर्नुपर्दछ । नयाँ ज्ञान प्राप्त गर्न जागरूप हुनुपर्दछ । विद्यालयका सम्पूर्ण सामाजिक, सांस्कृतिक, शैक्षिक र अतिरिक्त गतिविधिहरूमा सकृय सहभागिता जनाउनुपर्दछ । विषयवस्तुको गहन अध्ययन र प्रभावकारी प्रस्तुतिकरणमा विशेष जोड दिनुपर्दछ । नेतृत्व विकास गर्न र समस्या समाधान गर्ने सीप सम्बन्धी तालिमहरू लिई योग्य र दक्ष बन्न सबैले प्रयास गर्नुपर्दछ ।

## परिशिष्ट-१

## सिन्धुपाल्चोक जिल्लाको विद्यालय संख्या

| | |
|---|---|
| कुल विद्यालय संख्या जम्मा | १७० |
| तह संख्या जम्मा | २५१ |
| मा.वि.संख्या जम्मा | २५ |
| नि.मा.वि. सख्या जम्मा | ५२ |
| प्रा.वि. संख्या जम्मा | १७० |

## परिशिष्ट-२

## शिक्षकको तहगत विवरण २०६८ को बढुवा वाहेक (सिन्धुपाल्चोक जिल्लाको)

| तह | श्रेणी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम | | | द्वितीय | | | तृतीय | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| प्रा.वि. | १ | २४ | २५ | १४ | २११ | २२५ | १४८ | ८५३ | १००१ |
| नि.मा.वि. | - | ३ | ३ | - | २७ | २७ | - | १२० | १२० |
| मा.वि. | - | २ | २ | - | २३ | २३ | २ | ११४ | ११६ |

## परिशिष्ट-३

## सिन्धुपाल्चोक जिल्लाको २०६७/०६८ को विद्यार्थी संख्या

| तह | | पूर्व प्रा.वि. | प्राथमिक | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जम्मा | छात्रा | ४१५१ | ३१७७३ | १२१३५ | ५९६१ | ३४५२ | ५७४७२ |
| | छात्र | ३८६२ | ३०२२८ | १११०६ | ५५७६ | ३१८६ | ५३९५८ |
| | जम्मा | ४०१३ | ६२००१ | २३२४१ | ११५३७ | ६६३८ | १११४३० |
| दलित | छात्रा | ४६२ | ३४९६ | ९३२ | ३८६ | १३६ | ५४१२ |
| | छात्र | ४६४ | ३२७७ | ८९९ | २७९ | १४८ | ५०६७ |
| | जम्मा | ९२६ | ६७७३ | १८३१ | ६६५ | २८४ | १०४७९ |
| जनजाति | छात्रा | २४८४ | २०४१५ | ६४१० | २७०९ | ११२७ | ३३१४५ |
| | छात्र | २३८२ | १९९०४ | ६८६० | २७९७ | १३०० | ३३२४३ |
| | जम्मा | ४८६६ | ४०३१९ | १३२७० | ५५०६ | २४२७ | ६६३८८ |

## परिशिष्ट- ४

## सिन्धुपाल्चोक जिल्लाको शैक्षिक उपलव्धी स्तर

| विवरण | पूर्व प्रा.वि. | प्रा.वि. | नि.मा.वि. | मा.वि. |
|---|---|---|---|---|
| कक्षा उत्तीर्ण दर | - | ८० | ८२ | ८५ |
| कक्षा दोऱ्याउने दर | - | १४ | ८ | ९ |
| सहजै देखिने भर्ना दर (GER) | ३४ | ११९.५ | १०८.९ | ४१ |
| खुद भर्ना दर(NER) | - | ८९.५ | ७४.६ | ४०.१ |
| कक्षा छाड्ने दर | - | १४ | ८.५ | ८.६ |

## परिशिष्ट- ५

## चौतारा गा.वि.स.मा रहेका शैक्षिक संस्थाहरू निम्न अनुसार छन् ।

| | | |
|---|---|---|
| १ | समाहित शिक्षा कक्षा (दृष्टिविहिन) | १ |
| २ | सामुदायिक अध्ययन केन्द | १ |
| ३ | खुल्ला मा.वि. | १ |
| ४ | क्याम्पस | १ |
| ५ | उ.मा.वि | १ |
| ६ | मा.वि | २ |
| ७ | नि.मा.वि | १ |
| ८ | प्रा.वि | ४ |
| ९ | संस्थागत/निजि विद्यालयतर्फ मा.वि. | २ |

## परिशिष्ट-६

## २०६८/०६९ को चौतारा गा.विस.का सामुदायिक विद्यालयका विद्यार्थी संख्या

| तह | | पूर्व प्रा.वि. | प्राथमिक | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| अन्य | छात्रा | १३७ | ४५१ | १९४ | १८४ | ३२४ | १२९० |
| | छात्र | ११० | ३७६ | १९३ | १२९ | २८१ | १०८९ |
| | जम्मा | २४७ | ८२७ | ३८७ | ३१३ | ६०५ | २३७९ |
| जनजाति | छात्रा | ८७ | ३४१ | १२४ | ११५ | १५१ | ८१८ |
| | छात्र | ६४ | २७७ | ११९ | ८० | १२८ | ६६८ |
| | जम्मा | १५१ | ६१८ | २४३ | १९५ | २७९ | १४८६ |
| दलित | छात्रा | १० | ३५ | १२ | ७ | १५ | ७९ |
| | छात्र | ७ | २२ | ७ | ६ | १३ | ५५ |
| | जम्मा | १७ | ५७ | **१९** | १३ | २८ | १३४ |
| *जम्मा विद्यार्थी संख्याः ३,९९९ जना रहेको छ ।* | | | | | | | |

## परिशिष्ट-७

### चौतारा गा.वि.स.का नीजि/संस्थागत विद्यालयका विद्यार्थी संख्या

| तह | | पूर्व प्रा.वि. | प्राथमिक | नि.मा.वि. | मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|
| जनजाति | छात्रा | ४५ | ५१ | २१ | १५ | १३२ |
| | छात्र | ५९ | ७५ | २५ | १२ | २०७ |
| | जम्मा | १०४ | १२६ | ४६ | २७ | ३०३ |
| दलित | छात्रा | ६ | ४ | ३ | - | १३ |
| | छात्र | ७ | ७ | ३ | - | १७ |
| | जम्मा | १३ | ११ | ६ | - | ३० |
| अन्य | छात्रा | ४६ | ५७ | ११ | १७ | १३१ |
| | छात्र | ५५ | ६४ | ३३ | १७ | १६९ |
| | जम्मा | १०१ | १२१ | ४४ | ३४ | ३०० |

## परिशिष्ट-८

### क) चौतारा गाउँ विकास समितिका सामुदायिक विद्यालयका शिक्षक विवरण

| | महिला शिक्षक | पुरुष शिक्षक | जम्मा शिक्षक संख्या |
|---|---|---|---|
| जनजाती | ३७ | २२ | ५९ |
| दलित | १ | - | १ |
| अन्य | ५ | २० | २५ |
| जम्मा | ४३ | ४२ | ८५ |

## ख) नीजि विद्यालयका शिक्षक विवरण :

| | महिला शिक्षक | पुरुष शिक्षक | जम्मा शिक्षक संख्या |
|---|---|---|---|
| जनजाती | ११ | १० | २१ |
| दलित | १ | - | १ |
| अन्य | ८ | ९ | १७ |
| जम्मा | २ | १९ | ३९ |

## परिशिष्ट-९

## अन्तर्वार्ताका लागि छनौट गरिएका महिला शिक्षकहरू र विद्यालय

| क्र.सं. | महिला शिक्षकहरूको नाम | विद्यालय | ठेगाना |
|---|---|---|---|
| १ | शोभा उलक | श्री बनदेवी मा.वि. | चौतारा-८ |
| २ | सिता श्रेष्ठ | श्री बनदेवी मा.वि. | चौतारा-८ |
| ३ | तुलसी मास्के | श्री बालकल्याण प्रा.वि. | चौतारा-६ |
| ४ | रेशम बस्नेत | श्री बालकल्याण प्रा.वि. | चौतारा-६ |
| ५ | रजनी कपाली | श्री प्राथमिक विद्यालय | चौतारा-७ |
| ६ | शन्तोषी घले | श्री प्राथमिक विद्यालय | चौतारा-७ |

## परिशिष्ट-१०

## प्रश्नावली (मतावली) का लागि लिइएका विद्याल, व्यवस्थापन समितिका महिला प्रतिनिधि र प्रधानाध्यापक

| क्र.सं. | विद्यालय | प्रधानाध्यापक | वि.व्य.स.महिला प्रतिनिधि |
|---|---|---|---|
| १ | श्री बनदेवी मा.वि. | मीनादेवी श्रेष्ठ | केशरी वि.क. |
| २ | बालकल्याण प्रा.वि. | गायत्री पालिखे | रूकु घले |
| ३ | श्री प्राथमिक विद्यालय | कृष्णबहादुर श्रेष्ठ | प्रजावती कपाली |

## परिशिष्ट-११

## छनौट भएका विद्यालयका नाम, ठेगाना र संचालित कक्षा

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|
| १ | श्री बनदेवी मा.वि. | चौतारा-८ | १-१० |
| २ | श्री बालकल्याण प्रा.वि | चौतारा-६ | १-५ |
| ३ | श्री प्राथमिक विद्यालय | चौतारा-७ | १-५ |

## परिशिष्ट-१२

### महिला शिक्षकहरूका लागि अन्तर्वार्ता प्रश्नावलीहरू

नाम :- ........................................................ पद/श्रेणी :-

विद्यालयको नामः-................................................... ठेगाना :-

१. तपाइँको जन्म मिति :-

२. तपाइँको पिता/माताको पेशा :-

३. तपाइँको वैवाहिक स्थिति के हो ?

४. तपाइँको परिवार कस्तो छ ?

५. तपाइँको श्रीमानको पेशा के हो ?

६. तपाइँले शिक्षण पेशा अपनाउनु भएको कति वर्ष भयो ?

७. तपाइँले कुनै तालिम प्राप्त गर्नु भएको छ ?

७.१. तालिम प्राप्त गर्न नसक्नुका कारणहरू के-के हुन् ?

८. तपाइँको शुरू नियूक्ति भएपछि बढुवा भएको छ ?

९. तपाइँको हालको शैक्षिक योग्यता कति छ ?

१०. तपाइँले कसको प्रेरणाबाट शिक्षण पेशा अपनाउनु भएको हो ?

११. तपाइँको घरबाट विद्यालय पुग्न कति समय लाग्छ ?

१२. तपाइँको शिक्षण सेवा कस्तो छ ?

१३. तपाइँले उच्च शिक्षा प्राप्ति गर्न नसक्नुका कारण के-के हुन् ?

१४. तपाइँले गरेका शिक्षण सिकाइ क्रियाकलापप्रति सम्बन्धित निकायबाट अनुगमन भएको छ कि छैन ?

१५. तपाइँले लामो समयसम्म शिक्षण पेशामा संलग्न भइ सेवा गर्दा कुनै पुरस्कार,प्रशंसापत्र पाउनुभएको छ ?

१६. तपाइँहरू प्रति विद्यालयका प्रधानाध्यापकहरूको व्यवहार कस्तो छ ?

१७. विद्यालयका सम्पूर्ण गतिविधिहरूमा तपाइँहरूको सहभागिता पुरुष शिक्षकहरूको तुलनामा केही फरक छ ?

१८. तपाइँहरू प्रति व्यवस्थापन समितिका पधादिकारीहरूको व्यवहार कस्तो छ ?

१९. तपाइँले कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा के के समस्याहरू भोग्नु परेको छ ?

२०. शैक्षिक सामग्री निमाण र प्रयोगमा कक्षाकोठामा भोग्नु परेका समस्याहरू के के हुन् ?

२१. महिला शिक्षकहरूको लागि शिक्षण पेशा प्रभावकारी बनाउन के कस्ता उपायहरू हुन सक्छनू ? सुझाव दिनुहोस्

२२. विषयवस्तुको पूर्व तयारी गर्दा आइपरेका समस्याहरू के के हुन् ।

## परिशिष्ट-१३

महिला शिक्षकहरूप्रति सरोकारवालाहरूको धारणा पत्ता लगाउन तयार पारिएका प्रश्नावलीहरू (मतावली)

नाम :- पेशा :-

विद्यालयको नाम :- ठेगाना :-

महिला शिक्षकहरूको सम्बन्धमा तपाइँलाई कस्तो लाग्छ ? उपयूक्त कोठामा ठिक ( √) चिन्ह लगाउनुहोस् ।

| क.सं. | प्रश्नहरू | सहमत | असहमत |
|---|---|---|---|
| १ | महिला शिक्षकहरू पुरुष शिक्षकहरूको तुलनामा बढी सहनशिल र संयमित हुन्छन् | | |
| २ | महिला शिक्षकहरूको समस्या समाधान गर्न सक्ने क्षमता पुरुष शिक्षकको भन्दा बढी हुन्छ | | |
| ३ | महिला शिक्षकहरू अध्यापन कार्यमा बढी अनुभवी र व्यवहारिक छन् | | |
| ४ | महिला शिक्षकहरूको विषयवस्तुको प्रस्तुतीकरण पुरुष शिक्षकको तुलनामा बढी प्रभावकारी हुन्छ | | |
| ५ | महिला शिक्षकहरूले बालबलिकाहरूको भावना पुरुष शिक्षकहरूले भन्दा बढी बुझ्छन् | | |
| ६ | महिला शिक्षकहरू कार्य क्षेत्रमा बढि लगनशिल र सतर्क रहेको पाइन्छ | | |
| ७ | बालबालिकाहरूलाई विद्यालयमा भर्नाका लागि महिला शिक्षकहरूले अभिभावकहरूलाई पुरुष शिक्षकहरूले भन्दा बढी मात्रामा प्रेरित गर्दछन् | | |
| ८ | महिला शिक्षकहरूमा सामाजिकीकरण गर्न सक्ने क्षमता पुरुष शिक्षकहरू भन्दा बढी हुन्छ | | |
| ९ | महिला शिक्षकहरूले विद्यालयमा हुने अतिरिक्त क्रियाकलापहरूमा बढी रूचि देखाउँछन् | | |
| १० | महिला शिक्षकहरूले बालबालिकाहरूलाई समान व्यवहार गर्दछन् | | |
| ११ | महिला शिक्षकहरूको शिक्षण पेशासँग सम्बन्धित समस्याहरू मध्ये प्रमुख समस्या शैक्षिक सामग्रीको अभाव मान्नुपर्दछ | | |
| १२ | निरिक्षण र सुपरिवेक्षणलाई प्रभावकारी बनाउँदा शिक्षण सिकाइमा आइपरेका समस्या समाधान हुन्छन् | | |
| १३ | महिला शिक्षकहरूको शैक्षिक योग्यता न्यून हुँदा र तालिम अप्राप्त हुँदा शिक्षण सिकाइ क्रियाकलापमा समस्या परेको हो | | |

## परिशिष्ट - १४

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम :-.................................................................

१. तहगत महिला शिक्षकको संख्या :-

| तह | जम्मा महिला शिक्षक | जम्मा पुरुष शिक्षक | कैफियत |
|---|---|---|---|
| प्रा.वि. | | | |
| नि.मा.वि. | | | |
| मा.वि. | | | |

२. शैक्षिक योग्यता र विशिष्टिकरण विषयहरू

| तह | न्यूनत म योग्यता | न्यूनतम भन्दा माथि | विशिष्टिकरण | कैफियत |
|---|---|---|---|---|
| प्रा.वि. | | | | |
| नि(मा.वि. | | | | |
| मा.वि. | | | | |

३. महिला शिक्षकहरूको शिक्षण अनुभव

| तह | १० वर्ष भन्दा कम | २० वर्ष भन्दा कम | २० वर्ष भन्दा बढी | कैफियत |
|---|---|---|---|---|
| प्रा.वि. | | | | |
| नि.मा.वि. | | | | |
| मा.वि. | | | | |